
# प्रभाव दैनिक
National Daily

वर्ष ८ अंक ३५१ काठमाडौं मंगलबार, ६ वैशाख २०७९ Prabhab National Daily, Tuesday, April 19, 2022 URLwww.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-








**सन्दर्भ : वैदेशिक रोजगार**

### तंग्रिँदै वैदेशिक रोजगार

## नौ महिनामै तीन गुणाले बढ्यो




■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्या तीन गुणाले बढेको छ । गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको नौ महिनामै तीन गुणा बढी रोजगारीका लागि विदेशिएका हुन् ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार चालु आर्थिक वर्षको चैत मसान्तसम्म चार लाख ६४ हजार ४६५ श्रमिक विभिन्न देशमा रोजगारीका लागि गएका छन् । यो संख्या गत आर्थिक वर्षभरिको भन्दा तीन गुणाले बढी हो । गत आर्थिक वर्षमा वैदेशिक रोजगारीमा जानेको संख्या एक लाख ६६ हजार ६९६ जना रहेको थियो ।

गत आवमा कोरोना भाइरस (कोभिड-१९) संक्रमण उच्च भएका कारण रोजगार गन्तव्य मुलुकहरूले श्रमिक लिएका थिएनन् । त्यसले गर्दा नेपालबाट विदेशिने श्रमिकको संख्यामा कमी आएको थियो । चालु आवमा कोरोना संक्रमणको अवस्था सामान्य बनेका कारण गन्तव्य मुलुक खुला भएसँगै रोजगारीमा जानेको संख्या बढेको वैदेशिक रोजगार विभागको ताहाचल कार्यालयका प्रमुख रमेश अर्यालले बताए ।

अघिल्ला दुई आर्थिक वर्षमा कोभिडले प्रभाव पारेको भए पनि चालु आर्थिक वर्षमा रोजगारीका लागि विदेशिनेको संख्यामा उल्लेख्य वृद्धि भएको उनले बताए । नौ महिनामा नै उल्लेख्य संख्यामा रोजगारीका लागि नेपाली श्रमिक विदेशिएको भन्दै कार्यालय प्रमुख अर्यालले वैदेशिक रोजगारीको क्षेत्र पुरानै लयमा फर्किने अवस्थामा रहेको जानकारी दिए ।

अर्यालका अनुसार चालु आर्थिक वर्षको नौ महिनामा नेपालबाट दुई लाख १० हजार ५६७ जना पुनः श्रम स्वीकृति लिएर विदेश गएका छन् । यही अवधिमा दुई लाख २० हजार ५५८ जना संस्थागत श्रम स्वीकृति लिएर विदेश गएको तथ्यांक छ । त्यस्तै व्यक्तिगत रूपमा नयाँ श्रम स्वीकृति लिएर रोजगारीका लागि विदेश जानेको संख्या १५ हजार छ जना रहेको छ । त्यस्तै वैधानिकीकरणबाट आठ हजार ३१६ जना श्रमिक विदेश गएको विभागको तथ्यांक छ ।

गत वर्षको पूरा अवधिमा नेपालबाट पुनः श्रम स्वीकृति लिएर रोजगारीका लागि विदेश जानेको संख्या ७२ हजार ८१ रहेको थियो । उक्त आवमा सबैभन्दा बढी व्यक्तिगत पुनः श्रम स्वीकृति लिएर विदेश गएका थिए । जसमा ९४ हजार ६१७ जना रोजगारीका लागि विदेशिएको देखिएको छ । संस्थागत रूपमा श्रम स्वीकृति लिएर रोजगारीमा जानेको संख्या ६१ हजार ४२८ जना रहेको थियो । वैधानिकीकरणमार्फत पाँच हजार ३३६ र व्यक्तिगत नयाँ श्रम स्वीकृति लिएर जानेको संख्या पाँच हजार ३१७ जना रहेको थियो ।

अहिलेको तथ्यांकलाई हेर्दा वैदेशिक रोजगारीको क्षेत्र कोभिड-१९ पहिलेकै अवस्थमा पुग्ने सम्भावना रहेको सरोकारवालाहरूले बताउने गरेका छन् । ताहाचल कार्यालयका प्रमुख अर्यालले कोभिडका कारण समस्यामा परेको क्षेत्रमा विस्तारै सुधार देखिन थालेको बताए । अहिले दैनिक एक हजारभन्दा बढीले श्रम स्वीकृति लिने गरेको उनले बताए । उनका अनुसार कोभिडपूर्वको सामान्य अवस्थामा ताहाचल कार्यालयबाट कम्तीमा पनि एक हजार जनाले श्रम स्वीकृति लिने गरेका थिए ।

# चुनाव सार्ने 'आशंका'

**सत्ता गठबन्धनभित्र उम्मेदवार छान्ने कार्यमा देखिएको अलमललाई निर्वाचन सार्ने तयारीको रूपमा लिन थालिएको छ । सोमबार सोलुखुम्बुमा पुगेका प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सत्ता गठबन्धन निर्वाचन सार्ने तयारीमा लागेको भन्दै आन्दोलनका लागि तयार रहन कार्यकर्तालाई निर्देशन दिए ।**




प्रधानमन्त्रीनिवास बालुवाटारमा सोमबार बसेको पाँचदलीय गठबन्धनको बैठक (बाया) र बालकोटमा बसेको नेकपा एमालेको केन्द्रीय सचिवालय बैठक ।

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्थानीय तह निर्वाचनका लागि उम्मेदवारी मनोनयन सुरु हुन अब मात्र पाँच दिन बाँकी छ । निर्वाचन आयोगले स्वीकृत गरेको स्थानीय तह निर्वाचन कार्यतालिका अनुसार यही वैशाख ११ र १२ गते देशभरका ७५३ वटै स्थानीय तहका लागि उम्मेदवारको मनोनयन दर्ता हुनेछ । ३० वैशाखमा नयाँ जनप्रतिनिधि चुन्नका लागि मतदान हुनेछ ।

मनोनयन दर्ताको मिति नजिकिँदै गर्दा फेरि निर्वाचन सर्ने हो कि भन्ने आशंका बढ्न थालेको देखिन्छ । विशेषगरी सत्ता गठबन्धनभित्र उम्मेदवार छान्ने कार्यमा देखिएको अलमललाई निर्वाचन सार्ने तयारीको रूपमा लिन थालिएको छ । सोमबार सोलुखुम्बुमा पुगेका प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सत्ता गठबन्धन निर्वाचन सार्ने तयारीमा लागेको भन्दै आन्दोलनका लागि तयार रहन कार्यकर्तालाई निर्देशन दिए । 'अहिलेको गठबन्धन चुनाव सार्ने षड्यन्त्र गरिराखेको छ,' सोलुखुम्बुको सल्लेरीमा आयोजित कार्यक्रममा उनले भने, 'यदि गठबन्धनले चुनाव नगर्ने, चुनाव पर सारेर लोकतन्त्र विथोल्ने, संविधान मास्ने बाटो समात्यो भने आन्दोलनका लागि तयार रहनुहोला ।' सोमबार साँझ बसेको एमालेको केन्द्रीय सचिवालय बैठकले पनि गठबन्धनले चुनाव सार्ने निर्णय गरे कडा प्रतिवाद गर्ने निर्णय गरेको छ ।

मनोनयन दर्ताको मिति आउन पाँच दिन बाँकी रहँदासम्म सत्ता गठबन्धनले स्थानीय तहमा उम्मेदवार टुंग्याउन सकेको छैन । चुनावी तालमेल गरेको पाँचदलीय गठबन्धनभित्र सिट बाँडफाँडको विषयमा सहमति जुट्न नसक्दा उम्मेदवार तय गर्न नसकिएको हो । सोमबार बसेको सत्ता गठबन्धनको बैठकमा पनि यसबारे सहमति जुट्न सकेन । यसले सत्ता गठबन्धन चुनाव सार्ने तयारीमा लागेको हो कि भन्ने आशंकालाई थप बल पुगेको देखिन्छ ।

यता, स्थानीय तह निर्वाचन रोक्न माग गर्दै सर्वोच्च अदालतमा दायर रिटमाथि फैसला हुन बाँकी छ । महोत्तरीको भंगाहा नगरपालिकाका प्रमुख सञ्जीवकुमार साहले आफ्नो कार्यकाल पाँच वर्षको भएको तर त्यसअघि नै निर्वाचन हुन लागेको भन्दै रोक्न मागसहित रिट दायर गरेका थिए । विचाराधीन रहेको उक्त मुद्दामा अदालतको फैसला के आउँछ भन्ने पनि प्रतीक्षाको विषय बनेको छ । यदि, अदालतको फैसला रिट निवेदकको पक्षमा आए स्थानीय तह निर्वाचन स्वतः पछि सर्नेछ ।

केही दिनअघि नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले पनि जनप्रतिनिधिले पूरा अवधि काम गर्न पाउनुपर्ने अभिव्यक्ति दिएका थिए । उनको अभिव्यक्ति पनि चुनाव सार्न लक्षित रहेको भन्दै टिप्पणी भएको थियो ।

तर सत्तारुढ दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले भने कुनै पनि हालतमा निर्वाचन नसर्ने बताएका छन् । सोमबार आयोजित पत्रकार सम्मेलनमा उनले निर्वाचन सर्ने हल्लामा सत्यता नभएको बताएका हुन् । देशव्यापीरूपमा स्थानीय तहको निर्वाचनको प्रक्रियामा सबै राजनीतिक दल जनताको बीचमा गइरहेका बेला निर्वाचन सर्छ भनेर गरिएको प्रचार सत्य नरहेको उनले बताए ।

'केही मानिसले त निर्वाचन हुने दिनको बिहानसम्म पनि निर्वाचन सर्दै छ रे नि हो ? भनेर जिज्ञासा राख्ने गरेको पाइन्छ । यो नेपालमा एक खालको प्रवृत्ति पनि देखिएको छ,' अध्यक्ष दाहालले भने, 'गठबन्धनमा आबद्ध दलका तर्फबाट यस्तो विषयमा कहीँकतै पनि चर्चा भएको छैन ।' स्थानीय तहको निर्वाचन वैशाख ३० मा नै हुने उनले प्रस्ट पारे ।

यसअघि निर्वाचन आयोगले पनि स्थानीय तह निर्वाचन (बाँकी पृष्ठ २ मा)

### निर्वाचन सारे प्रतिवाद गर्ने एमाले निर्णय

**काठमाडौं (प्रस)–** प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले स्थानीय तहको निर्वाचन सार्ने षड्यन्त्रको प्रतिवाद गर्ने निर्णय गरेको छ । सोमबार साँझ बसेको एमालेको केन्द्रीय सचिवालय बैठकले गठबन्धनले चुनाव सार्ने निर्णय गरे कडा प्रतिवाद गर्ने निर्णय गरेको छ हो ।

अध्यक्ष ओलीको निवास बालकोटमा सम्पन्न बैठकमा चुनाव सार्ने षड्यन्त्रको बारेमा छलफल भएको एमाले प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले बताए । 'सत्ता गठबन्धनको षड्यन्त्रविरुद्ध सचेत रहँदै चुनावको तयारीमा जुट्न पार्टीका सबै पंक्तिलाई निर्देशन दिने निर्णय भएको छ,' बैठकपछि उनले भने ।

बैठकले स्थानीय तह निर्वाचनका लागि पार्टीको घोषणापत्र मस्यौदा समितिले तयार पारेको मस्यौदालाई पारित गरेको छ । एमालेले यही वैशाख ९ गते घोषणा सार्वजनिक गर्ने तयारी गरेको छ ।

सचिवालय बैठकले विभिन्न पालिका र जिल्लाबाट प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा समानुपातिकतर्फ बन्द सूचीमा उम्मेदवार रहेका व्यक्तिहरूको पनि नाम सिफारिस भएकाले ती व्यक्तिको नाम सूचीबाट हटाउन निर्वाचन आयोगलाई लेखेर पठाउने निर्णयसमेत गरेको गुरुङले जानकारी दिए ।

# विपद्मा गुज्रिएको वर्ष

**काठमाडौं–** मेलम्चीको पानी काठमाडौंवासीको सपनाजस्तै किन भएको थियो भने उनीहरूले यसका लागि तीन दशकभन्दा लामो प्रतीक्षा गरिसकेका थिए । यतिका वर्षको पर्खाइपछि मेलम्ची खोलाको पानी गत वर्ष काठमाडौंसम्म आइ त आइपुग्यो तर लामो समय रहन भने सकेन ।

मनसुन सुरु भएकै दिन गत असार १ गते सिन्धुपाल्चोकमा भिषण बाढी आयो । वर्षाको आगमन नहुँदै त्यसरी भिषण बाढी आउला भन्ने कल्पनासम्म पनि थिएन स्थानीयको । त्यस दिनको बाढीले यति विपत्ति ल्याइदियो कि यहाँका कैयौं स्थानीयको ज्यान लियो र भौतिक सम्पत्ति नष्ट गरिदियो । यी स्थानीयको सपनासँगै काठमाडौंवासीको सपना पनि त्यो बाढीले बगाइदियो । मेलम्ची खोलामा आएको बाढीले मेलम्ची खानेपानी आयोजनाका केही संरचना नै बगाइदियो ।

त्यसदिन हेलम्बु र मेलम्चीवासी कहालीलाग्दो विपद्मा परे । ठूलो जनधनको क्षति भयो । कैयौँका थातथलो मेलम्ची नदीको बगरभित्रै विलाएर गयो भने केहीको बासै उठिबास लगायो ।

दशकौँदेखिको काठमाडौं उपत्यकावासीको मेलम्चीको पानी खाने सपना पूरा हुनै लाग्दा फेरि हरायो । उपत्यकावासीले प्यास नमेट्दै पानी उतै थुनियो । बाढीले पुल, सडक, पानीको मुहानमा गम्भीर असर पारेकाले कैयौं दिन स्थानीयको मुखमा गाँस पनि परेन । एकातिरको विपद् थेग्न यो मुस्किल परिरहेका बेला उता हिमाली जिल्ला मनाङमा पनि बाढीले वितण्डा मच्चायो । घर, खेत, विद्यालय, सामुदायिक भवन भत्किए, बगे । कहाँ पानी पर्‍यो अनि कहाँबाट एक्कासी त्यस्तो बाढी आयो कसैले भेउ पाएनन् ।

विगतका इतिहासमा यसरी बाढी आएको नदेखेको त्यहाँका स्थानीय बुढापाकाको अनुभव छ । पहाडी भेग बझाङ, कालीकोट, म्याग्दी, रुकुमलगायत जिल्लामा पहिराको पिरले छाडेन । हल्का वर्षामै पहाड चिरा परेर भेल पहिरोले घर, गाउँको बासै उठायो ।

कतिपय स्थानमा सञ्चार सम्बन्ध नै विच्छेद् हुँदा उद्धार र राहत पुर्‍याउन तीन चार दिन लाग्यो । अहिले पनि चिराचिरा परेका पहाडले भोलिको भेलपहिरोको निम्तो गरिरहेको संकेत दिएजस्तो लाग्दछ । नेपाल भौगोलिक विविधताले जति प्रख्यात छ, बहुप्रकोपको लहरले उति नै जोखिम पनि छ । बाढी, पहिरो तथा भूकम्पजस्ता प्राकृतिक प्रकोपबाट नेपाल प्रभावित देश हो ।

जलवायु परिवर्तनको असरका कारण तापक्रम बढ्दै जानुका साथै वर्षा पनि अनियमित हुने गरेको छ । परिणामतः खडेरी, बाढी तथा प्रतिकूल मौसमजस्ता प्राकृतिक प्रकोपको सामना गरिरहनुपरेको छ । यसका कारण कतैकतै महामारी र सुक्खापन फैलिनुका साथै समुदायको जनजीवन र कृषि उत्पादनमा प्रतिकूल असर परिरहेको छ । जलवायु परिवर्तनकै असरका रूपमा २०७८ कात्तिक पहिलो साता आएको बेमौसमी बाढीलाई पनि लिन सकिन्छ । यो प्रकोपमा परी १०० बढीले ज्यान गुमाए । अर्बौंको भौतिक क्षति बेहोर्नुपर्‍यो ।

**वर्ष २०७८ मा देशभरमा विभिन्न प्रकृतिका तीन हजार ९०४ वटा विपत्ति आइलागे । ती विपद्मा परेर कूल ५०५ जनाले अकालमा ज्यान गुमाएका छन् ।**

मुस्ताङको टुक्चेपिकमा कात्तिक २८ मा अकस्मात हिमपहिरो गयो । जलवायु परिवर्तन विज्ञ डा.डमिन्द्र दाहाल (बाँकी पृष्ठ ३ मा)

# ४६ जिल्लाको मतपत्र छपाइ सकियो

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्वाचन आयोगले आगामी स्थानीय तह निर्वाचनका लागि हालसम्म ४६ जिल्लाको मतपत्र छपाइ सकेको जानकारी दिएको छ । ती जिल्लाका लागि ९५ लाख २५ हजार थान मतपत्र छपाइ सकिएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए ।

यही ३० वैशाखमा हुने स्थानीय तह निर्वाचनका लागि एक करोड ९४ लाख थान मतपत्र आवश्यक पर्नेमा सोमबारसम्म उक्त संख्यामा मतपत्र छापिएको प्रवक्ता पौडेलले जानकारी दिए ।

यसैबीच, स्थानीय तह निर्वाचन आचारसंहिता उल्लंघन गर्नेविरुद्धको निर्णय चाँडै हुने उनले जानकारी दिए । आचारसंहिता उल्लंघन भएको भन्ने समाचार र सूचनाका आधारमा आयोगले विभिन्न राजनीतिक दल र सम्बन्धित नेतासँग चित्तबुझ्दो जवाफ पेस गर्न पत्राचार गरेको प्रवक्त पौडेलले बताए । आयोगले नेपाली कांग्रेसका नेता डा.शशांक कोइराला, नेकपा एकीकृत समाजवादी पार्टी, नेपाल विद्युत् प्राधिकरणका प्रमुख कार्यकारी निर्देशक कुलमान घिसिङ, नेकपा माओवादी केन्द्रलगायतलाई आचारसंहिता उल्लंघन गरिएकोबारे जवाफ मागेको छ । चित्तबुझ्दो जवाफ पेस नगरे कारबाही हुने आयोगले जनाएको छ ।

यस्तै, निर्वाचनलाई अपांगतामैत्री बनाउने र मतदानमा प्राथमिकता दिने विषयलाई आयोगले विशेष ध्यान पुर्‍याउने प्रवक्ता पौडेलले बताए । निर्वाचन सामग्री व्यवस्थापनका कारण अब निर्वाचनमा बाधा नपुग्ने उनले स्पष्ट पारे । सामान्य प्रशिक्षण कार्य खर्चबाहेक यस पटकको स्थानीय तह निर्वाचन आफ्नै आर्थिक स्रोतबाट सम्पन्न गर्न लागेको उक्त अवसरमा जानकारी दिइयो ।

मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयले निर्वाचनसम्बन्धी काममा एकरूपता कायम गर्न आयोगले ७७ वटै मुख्य निर्वाचन अधिकृत र ६७६ वटै निर्वाचन अधिकृतको कार्यालयले प्रयोग गर्ने साइनबोर्ड, लेटरहेड र छापको नमूना प्रदेश निर्वाचन कार्यालय र जिल्ला निर्वाचन कार्यालयमार्फत पठाउन पत्राचार गरेको छ ।

आयोगले स्थानीय तह निर्वाचनसम्बन्धी सम्पूर्ण गतिविधि र सूचनाको सहजरूपमा जानकारी दिन यही वैशाख १ गतेदेखि हरेक दिन प्रकाशन गर्दै आएको 'स्थानीय तह निर्वाचन ई-बुलेटिन' आयोगको वेबसाइटमा उपलब्ध रहेकोसमेत जानकारी दिएइको छ ।




गृहमन्त्रीको निर्देशन–

# विमानस्थलको समस्या तत्काल समाधान गर्नू

■ प्रभाव संवाददाता

**काठमाडौं–** गृहमन्त्री बालकृष्ण खाणले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा देखिएको समस्या समाधान गर्न निर्देशन दिएका छन् ।

गृहमन्त्री खाणले सोमबार गृह मन्त्रालयमा सम्बन्धित निकायका प्रमुखलाई बोलाएर विमानस्थलमा देखिएका समस्या तत्काल समाधान गर्न निर्देशन दिएको मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले जानकारी दिए ।

मन्त्री खाणले अध्यागमन विभागका महानिर्देशक नारायणप्रसाद भट्टराई, अन्तर र्राष्ट्रिय विमानस्थलका प्रमुख अध्यागमन अधिकृत पुष्पराज शाही, नागरिक उड्डयन प्राधिकरण, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रेमनाथ



ठाकुर, विमानस्थलका प्राविधिक सुरक्षा प्रमुख टेकनाथ सिटौला तथा कर्पोरेट प्रमुख महेन्द्र खनाललाई बोलाएर उक्त निर्देशन दिएका हुन् ।

'गृहमन्त्रीज्यूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा देखिएका समस्याबारे जानकारी लिँदै तत्काल सुधार्न निर्देशन दिनुभएको छ,' प्रवक्ता पोखरेलले भने । गृहमन्त्री खाणले विमानस्थलमा रहेका काउन्टरमा भीडभाड हुन नदिन आवश्यक व्यवस्था मिलाउनका साथै विमानस्थलभित्र रहेका बैंकका एटिएम मेसिन बिग्रिएको भन्दै यात्रुको गुनासो आएको भन्दै तत्काल समस्या समाधानका लागि निर्देशन दिएका छन् ।

तत्काल अन्तर्राष्ट्रिय विमानस्थलमा एक्स-रे मेसिन जडान गरेर उपलब्ध गराउने सेवालाई सहज बनाउन पनि उनले निर्देशन दिएको प्रवक्ता पोखरेलले बताए । बैठकमा गृहसचिव टेकनारायण पाण्डे, मन्त्रालयका प्रवक्ता पोखरेल, कर्मचारी प्रशासन महाशाखा प्रमुख टेकबहादुर केसीको समेत सहभागिता थियो ।

## फेरि चुनाव..

पृष्ठ १ बाट जारी

सर्नेबारे भ्रम फैलाउने काम नगर्न आग्रह गरेको थियो ।

आयोगले निर्वाचनका लागि आवश्यक मतपत्र छपाइदेखि अन्य कार्यहरूमा तीव्रता दिएको छ । स्थानीय तह निर्वाचन आचारसंहिता कार्यान्वयनमा आइसकेको छ । सबै तयारी अन्तिम चरणमा रहेका बेला निर्वाचन सर्ने अभिव्यक्ति आइरहेकोप्रति ध्यानाकर्षण भएको आयोगले जनाएको थियो । आयोगका अधिकारीहरू अब कुनै पनि हालतमा निर्वाचन नसर्ने बताउँछन् । निर्वाचन सर्नुपर्ने कारण नै नभएको ती अधिकारीको भनाइ छ ।

सरकारले निर्वाचनका लागि निर्वाचन अयोगसहित सुरक्षा (प्रहरी, सशस्त्र, सेना) लगायत विभिन्न निकायलाई बजेट उपलब्ध गराइसकेको छ । मुलुकको अर्थतन्त्र समस्यामा रहेका बेला चुनावमा खर्च गर्नैपर्ने बाध्यता छ । ठूलो बजेट खर्च भइसकेकाले अब कुनै पनि बहानामा निर्वाचन सार्न नहुने राजनीतिक विश्लेषकहरूको भनाइ छ ।

**सत्ता गठबन्धन 'सहमतिनजिक'**

महानगर र उपमहानगरको भागबण्डा टुंग्याउन सोमबार बसेको सत्ता गठबन्धनको बैठक पनि विनानिष्कर्ष टुंगिएको छ । यद्यपि, गठबन्धनका दलहरू सहमतिनजिक पुगेको कांग्रेस नेता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिए । 'तालमेलका बारेमा गम्भीरतापूर्वक छलफल गरेका छौं । सहमतिनजिक पुगेका छौं,' बैठकपछि उनले भने, 'मंगलबार साढे ११ बजे फेरि बैठक बस्नेछ । भोलि नै सहमतिको खबर दिनेछौं ।'

बैठकमा सहभागी एक नेताका अनुसार छ वटा महानगरमध्ये पाँचवटामा सहमति जुटिसकेको छ । काठमाडौं, ललितपुर र विराटनगर कांग्रेसलाई दिन गठबन्धनका दलहरू सहमत भएका छन् । भरतपुर महानगरपालिका माओवादी केन्द्रलाई र वीरगञ्ज महानगरपालिका जनता समाजवादी पार्टीलाई दिने सहमति भएको छ । तर एकीकृत समाजवादीले दाबी गरेको पोखरा महानगरपालिका छाड्न कांग्रेस तयार नहुँदा सहमति नटुंगिएको बताइएको छ । गएको निर्वाचनमा एमालेले जितेको पोखरा आफूले पाउनुपर्ने एकीकृत समाजवादीको दाबी छ । कांग्रेस भने समाजवादीलाई छाड्न तयार नदेखिएको हो । यही विवादले गठबन्धनको बैठक निष्कर्षविहीन बनेको बताइएको छ । मंगलबारको बैठकबाट निर्णयमा पुगिने गठबन्धनका नेताहरूको दाबी छ ।

# भिटामिन 'ए' र जुकाको औषधि खुवाइँदै

**काठमाडौं (प्रस)–** सरकारले यही वैशाख आज र भोलि बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाउने भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले राष्ट्रिय भिटामिन कार्यक्रमअन्तर्गत छ महिनादेखि ५९ महिनासम्मका बालबालिकालाई भिटामिन 'ए' तथा १२ महिनादेखि ५९ महिनासम्मका बालबालिकाकालाई जुकाको औषधि खुवाउने तयारी गरेको हो । भिटामिन 'ए' क्याप्सुल २७ लाख बालबालिका तथा जुकाको औषधि २४ लाख बालबालिकालाई खुवाइने परिवार कल्याण महाशाखा, पोषण शाखा प्रमुख लिलाविक्रम थापाले जानकारी दिए ।

भिटामिन 'ए' क्याप्सुल सन् १९९३ देखि र भिटामिन 'ए'सँगै जुकाको औषधि सन् २००१ देखि खुवाउन थालिएको हो । उनका अनुसार भिटामिन 'ए' कार्यक्रमका लागि ५२ हजार स्वास्थ्य स्वयंसेविका र १५ हजार स्वास्थ्यकर्मी परिचालन गरिनेछ । उक्त कार्यक्रमका लागि छ करोड ७२ लाख रूपैयाँ बजेट विनियोजन गरिएको उनले बताए ।

वर्षमा दुईपटक पहिलो चरणमा कात्तिक २ र ३ गते तथा दोस्रो चरणमा वैशाख ६ र ७ गते बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाउने गरिन्छ । मन्त्रालयले नजिकैको वितरण केन्द्रमा गई भिटामिन 'ए' र जुकाको औषधि खुवाउन अभिभावकलाई आग्रह गरेको छ ।

# भैरवनाथको रथले किचेर वृद्धको मृत्यु

■ प्रभाव संवाददाता

**भक्तपुर–**भक्तपुरको बिस्का: जात्रामा भैल: ख: (भैरवनाथको रथ) ले किचेर एक वृद्धको मृत्यु भएको छ ।

जात्राको अन्तिम दिन सोमबार रथ तान्ने क्रममा नासमना चोकमा जात्रा हेर्न बसेका वृद्धको रथले किचेर मृत्यु भएको हो ।

मृत्यु हुनेमा सूर्यविनायक नगरपालिका-५, कटुञ्जेका ७१ वर्षीय दुर्गामान कसपाल रहेका छन् । रथले किचेर घाइते भएका कसपाललाई उपचारका लागि भक्तपुर अस्पताल लगिएको थियो ।

उपचारका क्रममा चिकित्सकले कसपाललाई मृत घोषणा गरेको महानगरीय प्रहरी परिसर भक्तपुरका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक राजु पाण्डेले बताए ।

# 'गठबन्धन मुलुकको वर्तमान आवश्यकता हो'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले गठबन्धन मुलुकको वर्तमान आवश्यकता भएको बताएका छन् । सामाखुसी यातायात प्रालिले सोमबार आयोजना गरेको कार्यक्रममा उनले संविधान रक्षाका लागि गठबन्धन आवश्यक रहेको बताएका हुन् । 'वैशाख ३० गते देशभर स्थानीय तहको निर्वाचन हुँदै छ, कार्यकर्ताको मन उच्च हुनेगरी गठबन्धन हुन्छ,' उनले भने । निर्वाचन केन्द्रित भएर लाग्न नेता सिंहले सबैलाई आग्रहसमेत गरे ।

पूर्वउपप्रधानमन्त्री सिंहले मुलुकको अर्थतन्त्रमा यातायात व्यवसायीको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै यातायात व्यवसायीलाई राज्यले सम्मान गर्नुपर्ने बताए । उनले प्रजातान्त्रिक यातायात व्यवसायीले पार्टीको शुभेच्छुक संस्थाका रूपमा राखेको माग सम्बोधन गर्न आफू गम्भीर भएर लाग्ने प्रतिबद्धता व्यक्त गरे ।

कांग्रेस काठमाडौंका सभापति कृष्ण सबुज बानियाँले आगामी स्थानीय तहको निर्वाचनमा संगठनको भावनालाई केन्द्रमा राखेर गठबन्धन गरिने बताए । उनले राजनीतिक मुद्दा सम्पन्न भएको भन्दै अब विकास केन्द्रित अभियानमा लाग्नुपर्ने उल्लेख गरे । कांग्रेसका महाधिवेशन प्रतिनिधि सुशील भट्टले कांग्रेसले स्थानीय तहको निर्वाचनमा जनाधार हेरेर उम्मेदवार खडा गर्नुपर्ने बताए । उनले नेताभन्दा नीतिमुखी व्यक्तिलाई उम्मेदवारका रूपमा पार्टीले अगाडि बढाउनुपर्ने उल्लेख गरे ।


## कुवेत/साउदी/युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : RAGHAD HOTEL FLATS COMPANY.**

पुर्व स्वीकृति मिति २०७९/०१/०५ | LT. No.261847 | चलानी नं.६०१७४०४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 0 | 20 | 85 | ३३,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनी : METAL DESIGN FACTORY**

पुर्व स्वीकृति मिति २०७८/१०/२३ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/०५ | LT. No.257410 | चलानी नं.६०१७४०४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Metal Craft Maker | 3 | 0 | 1500 | ४९,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनी : SELECTIVE MANPOWER SERVICES L.L.C.**

पुर्व स्वीकृति मिति २०७८/०८/०२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/०५ | LT. No.250799 | चलानी नं.६०१६७९६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Motorcyclist | 200 | 0 | 2050 | ६८,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: म्यानवापर कम्पनी काठमाडौं मिति : बैशाख १३ गते (26th Apr. 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११५/०५५/०५६

**GANDAKI OVERSEAS CONCERN PVT.LTD.**

Alok Nagar, Min Bhawan,Kathmandu Nepal

Tel: +977-01-4495749 | Fax: +977-1-4780947 | E mail: gandaki115@gmail.com


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

२०७९ वैशाख ६ गते, मंगलवार (तिथिः तृतीया, नक्षत्रः विशाखा, कृष्णपक्ष)

- **मेष** सबै कार्यमा सावधानी अपनाउनुहोला ।
- **वृष** लामो यात्रामा ननिस्कनुहोला ।
- **मिथुन** नयाँ काम बन्नेछ ।
- **कर्कट** आकस्मिक लाभको योग छ ।
- **सिंह** मुद्दा जित्ने योग छ ।
- **कन्या** जनसम्पर्क बढ्नेछ ।
- **तुला** काममा रोकावट आउनेछ ।
- **वृश्चिक** सुख र प्रभाव बढ्नेछ ।
- **धनु** सन्तानको कार्यमा प्रगति हुनेछ ।
- **मकर** धैर्य राखेमात्र सफलता मिल्नेछ ।
- **कुम्भ** अशान्ति र तनाव हुने योग छ ।
- **मीन** धन प्राप्ति हुने योग देखिन्छ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

वैशाख ६ गते, २०७९, १९ अप्रिल २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# उम्मेदवारको टुंगो लगाउन एमाले र परिवार दलबीच छलफल

■ प्रभाव संवाददाता

**काठमाडौं–** पाँच बुँदे सहमति गरेर अगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनमा होमिएका नेकपा एमाले र नेपाल परिवार दलबीच चुनाबी तालमेल बारेमा बिभिन्न जिल्लामा छलफल शुरु भएको छ। छलफलपछि कुन कुन स्थानीय तहमा एमाले र कुनमा परिवार दल उम्मेदवार बन्ने भन्ने बारेमा टुंगो लगाउन छलफल भएको परिवार दलले जनाएको छ।

सहमतिमा नेकपा एमाले र नेपाल परिवार दलका जिल्ला कमिटिहरूले आपसमा छलफल गर्ने र तालमेलका सम्बन्धमा उपयुक्त निर्णय गर्ने सहमति बमोजिम झापा ,मोरङ, सुनसरी, धनुषा, चितवन, सुर्खेत, कैलाली, कास्की लगायतको जिल्लामा एमालेका नेताहरूसँग छलफल भएको परिवार दलकी सहमहामन्त्री मिलन कुमारी राजबंशीले जानकारी दिईन। सहमति अनुसार जिल्ला तहमा भएको छलफल र सहमतिको सम्बन्धमा आ आफ्नो प्रदेश र केन्द्रीय नेतृत्व समक्ष नियमित रूपमा प्रतिबेदन प्रस्तुत गर्ने तयारी गरिएको परिवार दलले जनाएको छ। परिवार दलले २०७४ सालको निर्वाचनमा ३ बुँदे सहमति गरेर एमालेसँग चुनावी सहकार्य गरेको थियो। परिवार दलका पार्टी सचिव हरि जिसीका अनुसार एमालेसँग बिभिन्न जिल्लामा भएको छलफलमा एमालेको तर्फबाट एमालेको जिल्ला समन्वय समितिको अध्यक्ष र नेपाल परिवार दलको तर्फबाट जिल्ला समन्वय समितिको अध्यक्ष तथा केन्द्रीय सदस्य र जिल्लाका सदस्यहरूको सभागिता रहेको बताए।

यसैबीच नेपाल परिवार दल र नेकपा एमाले बिच पहिलो भेट्वार्ता सम्पन्न भएको छ। दुई पार्टी बीच चुनावी गठबन्धन बलियो बनाउने सहमति भएको छ भने परिवार दलले स्थानीय निकायमा प्रतिनिधित्व गराउने एमाले जिल्ला स्तरिय नेताहरू सहमत भएका छन्। छलफलमा नेपाल परिवार दलका जिल्ला कार्य समन्वय समितिका सचीव केदार ढुंगाना, सदस्यहरू राजेन्द्र मुर्ति पन्त, श्री राम बस्नेत, सुमिता राजबंशी केन्द्रको तर्फबाट सहमहामन्त्री मिलन राजबंशीको उपस्थिति रहेको थियो भने नेकपा एमालेको तर्फबाट जिल्ला कार्य समन्वय समितिको अध्यक्ष दीपक कार्की र कार्यालय सचिव छबिलाल बिश्वकर्माको उपस्थिति रहेको थियो। यस्तै नेकपा एमाले कैलाली र नेपाल परिवार दल जिल्ला कैलाली समन्वय समिति को तेसो पटक बैठक एमालेका नगर अध्यक्ष राम चन्द्र जोशी र निर्वाचन विभाग का नगर अध्यक्ष चुडामणी भट्ट नेपाल परिवार दल कैलाली जिल्लाको तर्फबाट जिल्ला अध्यक्ष विशाल चौधरी केन्द्रीय सदस्य बिष्णु बिके प्रदेश सदस्य सीता पाठक लगायतका बिच पनि छलफल भएको छ।

यस्तै धनुषा एमालेका जिल्ला अध्यक्ष राजकिशोर यादव र परिवार दल बाट सह महामन्त्री अब्दुल कयुम शाह जिल्ला अध्यक्ष शिबसन्कर यादव लगायतले छलफल गरेका छन्। यसैगरी सुर्खेत नेकपा एमाले र नेपाल परिवार दल बीच चुनावी तालमेलको विषयमा सुर्खेतमा दोस्रो चरणको छलफलको क्रममा नेकपा एमाले जिल्ला कार्यसमिती अध्यक्ष अमृत बि.सि र नेपाल परिवार दल जिल्ला कार्यसमिती सुर्खेतका अध्यक्ष मन बहादुर थापाबीच छलफल भएको छ। मोरङ जिल्ला समन्वय समितीमा नेपाल परिवार दल र नेकपा एमाले बिच पहिलो भेट्वार्ता सम्पन्न भएको छ। बैठकमा नेपाल परिवार दलका तर्फबाट जिल्ला समन्वय समितिका अध्यक्षसरोज पौडेल, उपाध्यक्ष लोक बहादुर गिरी, केन्द्रको तर्फबाट सहमहामन्त्री मिलन राजबंशी तथा नेकपा एमालेको तर्फबाट जिल्ला समन्वय समितिको अध्यक्ष ऋषिकेश पोखरेलसँग छलफल गरेको छ।

यसैगरी सुनसरीमा पनि एमाले र परिवार दलबीच छलफल भएको छ। परिवार दलका अध्यक्ष लक्ष्मण कार्की, केन्द्रको तर्फबाट सहमहामन्त्री मिलन राजबंशीको उपस्थिति रहेको थियो भने नेकपा एमालेको तर्फबाट जिल्ला समन्वय समितिको अध्यक्ष रेवतिरमण भण्डारी बीच छलफल भएको छ।

## विपद्मा..

पृष्ठ १ बाट जारी

यो असामान्य घटना भएको सुनाउँछन्। 'मेलम्ची खोला अकल्पनीयरूपमा उर्लेर तहसनहस पार्नेगरी आयो, कात्तिक पहिलो साता बेमौसममा ठूलो क्षति हुने गरी भारी वर्षा भयो, सामान्यतया हिउँ जम्ने बेलामा कात्तिकमै हिउँ पहिरो खस्नु भनेको जलवायु परिवर्तनको प्रत्यक्ष असर हो,' दाहालले भने।

प्राकृतिक र मानव सिर्जित विपद्को महामारी नेपालमा हरेक वर्ष बढ्दो छ। युनिसेफले गरेको एक अध्ययनअनुसार विगत २५ वर्षमा देशका ८६ प्रतिशतभन्दा बढी घरधुरीले कुनै न कुनै प्रकारले खडेरीको सामना गर्नुपरेको छ। बाढी र पहिरो र यससँग सम्बन्धित जोखिम विद्यमान उच्च गरिबी र खानेपानी तथा सरसफाइजस्ता अत्यावश्यक सेवाको पहुँचसँग मिसिन जान्छन्।

२०७६ देखि निरन्तर रहेको कोभिड-१९ महामारीको तनावले नेपाललाई २०७८ मा पनि छाडेन। त्यसले अझै पनि मानवीय र आर्थिक क्षति पुऱ्याउने क्रम जारी छ।

**तथ्यांकमा २०७८ को विपत्ति**

वर्ष २०७८ प्राकृतिक विपद्का हिसाबले अत्यन्त खराब स्थितिमा गुज्रियो। बाढीपहिरोबाट मुलुकले नसोचेको मानवीय क्षति बेहोर्नपुग्यो। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार वर्ष २०७८ मा देशभरमा विभिन्न प्रकृतिका तीन हजार ९०४ वटा विपत्ति आइलागे। ती विपद्मा परेर कूल ५०५ जनाले अकालमा ज्यान गुमाएका छन्। अझै ७६ जना हराइरहेका छन् भने एक हजार ७७७ जना घाइते भएका छन्। प्राप्त विवरणमा कूल छ हजार १३८ परिवार प्रभावित भएका जनाइएको छ। विपद्जन्य घटनाबाट दुई अर्ब ६१ करोड बढीको क्षति भएको छ।

सबैभन्दा बढी घटना आगलागीका दुई हजार ३७१ वटा भए भने सबैभन्दा बढी मानवीय क्षति पहिरोबाट भएको छ। पहिरोमा परेर १८२ जनाले ज्यान गुमाएका छन्। बाढीबाट ३४ र पहिरोबाट ३३ जना बेपत्ता छन् / *रासस*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **JAR TRADING CONTRACTING AND HOPITALITY**

पूर्व स्वीकृति मिति २०७९/०१/०४ | LT. No. 261586 | चलानी नं.६०१७८०२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 1 | 0 | 2500 | ८४,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |
| 2 | Labor Services | 3 | 0 | 1000 | ३३,७७० | | | | | | | |
| 3 | Labourer | 3 | 0 | 1000 | ३३,७७० | | | | | | | |
| 4 | Representative | 1 | 0 | 2500 | ८४,४३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: बैशाख १३ गते (26th Apr. 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रोजगारदाता आफैले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Sunlight Recruitment Service Pvt.Ltd.**

Sunlight Recruitment Service Pvt. Ltd. Govt.Lic No:1189/073/074

Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np



Province Government

**Sudurpashchim Province**

Ministry of Industry, Tourism, Forests and Environment

Provincial Tourism Development Program Implementation Unit, Dhangadhi

## Invitation for Sealed Quotation

Date of Publication: 2079/01/06

1. Provincial Tourism Development Program Implementation Unit, Dhangadhi, Kailali invites sealed quotation bids from Nepalese eligible bidders for the following construction works under Sealed quotation procedures.

| Contract ID | Project Title | Location | Estimated Budget (Rs. Including VAT & contingency) | Bid Security Fee (Rs.) |
|---|---|---|---|---|
| PTDPIU/SQ/ 2078/79/01 | Mohanyal View Tower Construction works Continuation | Gauriganga-1, Kailali | 14,97,838.27 | 37,000/00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Provincial Tourism Development Program Implementation Unit, Dhangadhi Kailali; ph.: 091-523915; email:ptdpiu7@gmail.com
3. Bidder are required to submit their bid physically. Bidders should deposit the cost of non-refundable fee of NRs. 1000 for each bidding document in the Rajaswa (revenue) account as specified below of the Bank deposit voucher shall be submitted by the bidder at the time of submission of the bids. Information to deposit the cost of bidding document in Bank:
**Name of the Bank: Rastriya Banijya Bank: Name of Office: Provincial Tourism Development Program Implementation Unit, Kailali; Office Code no. : 3070077027; Account no.: Ka-1-1-001; Rajaswa (revenue) Shirshak No.: 4229**

**For Bid Security deposit:**

**Name of the Bank: Rastriya Banijya Bank;Dhangadhi Acc No. 4170100202030000**

4. Hard Copy bids must be submitted to the office through on before 12:00 hr (15th day from the date of publication of first notice). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hr on 15th day from the date of publication of first notice at the office of Provincial Tourism Development Program Implementation Unit, Dhangadhi, Kailali. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security, which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bids should comply in all respects with the Instructions to Bidder included in the Bid Document. Non-compliance with this instruction will result in disqualification.
8. In the case of discrepancies or error in bid documents, bid notice or any other documents, office has the right to amend and correct at any time.
9. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL-FATEH TOWER GENERAL CONTRACTING COMPANY**

पूर्व स्वीकृति मिति २०७८/१२/२८ | LT No :261248 | चलानी नं.६०१७८०२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor | 14 | 0 | 1000 | ३२,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **HOUSING CONSTRUCTION CONTRACTING CO.**

पूर्व स्वीकृति मिति २०७९/०१/०५ | LT No :261501 | चलानी नं.६०१७८०२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Building Cleaning Worker | 8 | 0 | 1000 | ३२,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: बैशाख १३ गते (26th Apr. 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:**१०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं. ३३६/०५९/०६०

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)

Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **YORK INTERNATIONAL HOTEL**

पूर्व स्वीकृति मिति २०७८/१०/१३ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/०५ | LT. No. 257017 | चलानी नं. ६०१७९६६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 5 | 5 | 1500 | ५०,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |
| 2 | Chambermaid | 0 | 30 | 1200 | ४०,१७५ | | | | | | | |
| 3 | Cleaner | 30 | 60 | 1200 | ४०,१७५ | | | | | | | |
| 4 | Cook | 10 | 0 | 1500 | ५०,२२० | | | | | | | |
| 5 | Housekeeeping | 20 | 40 | 1200 | ४०,१७५ | | | | | | | |
| 6 | Receptionist | 5 | 5 | 1500 | ५०,२२० | | | | | | | |
| 7 | Waiter | 30 | 0 | 1200 | ४०,१७५ | | | | | | | |
| 8 | Waitress | 0 | 60 | 1200 | ४०,१७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: बैशाख १२ गते (25th Apr 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Al Asar International Pvt.Ltd.**

Govt. License 1373/074/75

Panchakumari Marg -09,Kathmandu, Nepal, Phone no +97714594144, +9774594145, Email - alasarintlpvtltd@gmail.com, manishbaral44@gmail.com,Web- alasarinternational.com.np



नेपाल सरकार

**युवा तथा खेलकुद मन्त्रालय**

**राष्ट्रिय खेलकुद परिषद**

त्रिपुरेश्वर, काठमाडौं, नेपाल

## मुलपानी क्रिकेट एकेडेमी आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मिति:** २०७९/०१/०६

बागमती प्रदेश, काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा नगरपालिकामा, राष्ट्रिय खेलकुद परिषदद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाडौं<br>फोन नं.०१-४२८१८७३,०१-४२५०६९९<br>पोस्ट बक्स नं.-२०९०<br>ईमेल: nsc.ms.secretrist@gmail.com<br>वेबसाइट: nsc.gov.np |
| **प्रस्तावको व्यहोरा** | १५,००० जना क्षमताको सुविधा सम्पन्न अन्तर्राष्ट्रिय स्तरको क्रिकेट रंगशाला र एकेडेमीको निर्माण |
| **प्रभाव पर्ने जिल्ला/न.पा./वडा** | बागमती प्रदेश, काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा नगरपालिका, वडा नं.०६ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मुल्यांकन क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साास्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले प्रस्तावकको ठेगानामा आई पुग्ने गरी यो सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने निकाय र ठेगाना:**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| राष्ट्रिय खेलकुद परिषद<br>प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाडौं<br>फोन नं. ०१-४२८१८७३,०१-४२५०६९९<br>पोस्ट बक्स नं.-२०९०<br>ईमेल: nsc.ms.secretrist@gmail.com<br>वेबसाइट: nsc.gov.np | अभियन्त्र कन्सल्टीङ्ग प्रा.लि.<br>नयाा बानेश्वर-३४, काठमाडौं<br>फोन नं: ०१-४२४९४८०, ९८४१५५०४२५<br>ईमेल:abhiyantra2012@gmail.com |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### बोलीमा होइन, व्यवहारमा देखाऊ

यही ३० वैशाखमा हुने स्थानीय तह निर्वाचनमा तालमेल गर्न बनेको पाँचदलीय गठबन्धनले अहिलेसम्म उम्मेदवार टुंग्याउन सकेको छैन। सत्तारुढ गठबन्धनभित्र सिट भागबण्डामा सहमति जुट्न सकेको छैन। गठबन्धनमा आबद्ध दलहरू निरन्तर बैठकमा बसिरहे पनि निष्कर्षमा पुग्न सकेका छैनन्। सोमबार पनि दलहरूबीच बैठक बसेको थियो प्रधानमन्त्रीनिवास बालुवाटारमा बसेको बैठक सहमतिनजिक पुगेको बताइए पनि विनानिष्कर्ष टुंगिएको छ। गठबन्धनका नेताहरूले आज मंगलबार पुनः बैठक बसेर भागबण्डा टुंग्याउने दाबी गरिरहेका छन्।

पाँचदलीय गठबन्धनमा नेपाली कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चा आबद्ध छन्। स्थानीय तह निर्वाचनमा तालमेल गर्ने समझदारी गरेका यी दलले केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहसम्म गठबन्धन दलका नेता सम्मिलित संयन्त्र बनाएका छन्। गठबन्धनले गत २९ चैतमा सिट बाँडफाँडको 'मोडालिटी' टुंग्याएको थियो। सोही मोडालिटीका आधारमा सिट बाँडफाँड गरी केन्द्रमा पठाउन निर्देशन दिएको थियो। महानगर र उपमहानगरपालिकाको मेयर/उपमेयरको सिट बाँडफाँडको निर्णय भने पाँचदलीय गठबन्धनको केन्द्रीय संयन्त्रले गर्ने बताइएको छ। गठबन्धनले नगर र गाउँपालिकाको तालमेलको सिट बाँडफाँड ३ वैशाखभित्र जिल्ला संयन्त्रले प्रदेशलाई र प्रदेश संयन्त्रले निर्णय गरी ५ वैशाखभित्र केन्द्रलाई पठाउन निर्देशन दिएको थियो।

तर केन्द्रीयस्तरमा चुनावी तालमेलको सहमति गरे पनि अधिकांश स्थानीय तहमा गठबन्धनलाई सकस परेको छ। स्थानीय तहका नेता कार्यकर्ता केन्द्रीय निर्णय मान्न तयार देखिएका छैनन्। केन्द्रबाट गरिएको निर्णयप्रति स्थानीय तहमा नेता/कार्यकर्ताको असन्तुष्टि देखिएको छ। यसले अधिकांश स्थानीय तहमा तालमेलबारे अन्योल बढाएको छ।

निर्वाचन आयोगले स्थानीय तह निर्वाचनका लागि उम्मेदवार मनोनयन गर्ने समय वैशाख ११ र १२ गते तोकेको छ। त्यसअनुसार उम्मेदवारी दर्ता गर्ने मिति आउन अब पाँच मात्र बाँकी छ। गठबन्धनभित्रको अन्योल फेरि चुनाव सर्ने हो कि भन्ने आशंकासमेत जन्माएको छ। प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले सत्ता गठबन्धन चुनाव सार्ने षड्यन्त्रमा लागेको आरोप लगाएको छ। सोमबारको केन्द्रीय सचिवालय बैठकबाट एमालेले सरकारले चुनाव सार्ने निर्णय गरे त्यसको कडा प्रतिवाद गर्ने निर्णयसमेत गरेको छ। यसका लागि तयार रहन पार्टीपंक्तिलाई निर्देशन दिइएको छ।

स्थानीय तह निर्वाचनको तयारी अन्तिम चरणमा पुग्दा फेरि चुनाव सार्ने कुरा व्यावहारिक हुँदैन। सरकारले निर्वाचनका लागि विभिन्न निकायलाई बजेट निकासा गरेर खर्चसमेत भइसकेको छ। देश पूर्णतया निर्वाचनमय बनिसकेको छ। यस्तो परिस्थितिमा फेरि चुनाव सार्ने निर्णय मुलुकको लागि दुर्भाग्यपूर्ण हुनेछ। र, सरकार तथा सत्ता गठबन्धनका लागिसमेत घातक बन्नेछ। सत्ता गठबन्धनका नेताहरूले चुनाव सार्ने कुरामा सत्यता नरहेको बताउँदै आएका छन्। त्यो कुरा अब बोलीमा होइन, व्यवहारमा पुष्टि गरियोस्।

## मननयोग्य

### विदुर नीति

(अतिथि सत्कार गर्दा मधुपर्क दिइने गरिन्छ। मधुपर्क भनेको दहीनलाई गुलियो हुने गरी मह मिसाईएको पदार्थ हो। मधुपार्क दिन योग्य ठानिएका महानुभाव ६ जना स्नातक, आचार्य, पूरोहित, राजा, जुवाई र असल एव्म प्यारो साथी हुन्। अर्घ्य पनि दिने प्रचलन छ। वेदविता ब्राह्मण आचार्य अथवा पूरोहित यो अर्घ्य योग्य छन्। श्राद्ध भन्नाले पितृकर्म एवम् मृतकको कृत्यलाई बुझ्नुपर्दछ। श्राद्धकार्यको अधिकार वेद जान्ने ब्राह्मणलाई मात्र प्राप्त भएको छ भन्ने कुराको यस श्लोकले पुष्टि गरेको छ। तसर्थ श्राद्ध आदि पितृ कार्यमा पढेदेखेको, वेद जान्ने ब्राह्मणलाई मात्र संलग्न गराउनुपर्दछ। यस श्लोकमा उल्लेखित षड्गुण गोपनियताको राजनीतिक विषयसँग सम्बन्धित छन् यी ६ वटा गुण निम्न लिखित छन् :

१ सन्धि - शत्रसँग वा छिमेकी वा अरु राष्ट्रको सरकारसँग सहयोगको निम्ति वचन लिनु-दिनुको सम्झौता गर्नु।

२ विग्रह - शत्रु वा अरु विर्धमी, बदमास, प्रजापीडक शासन (राजा) हरूसँग टाढा रहनु वा सम्बन्धविच्छेद गर्नु।

३ यान - शत्रलाई आक्रमण गर्नु।

४ आसन - उत्तेजित पार्ने खालको शत्रको हाँक सुन्दा पनि आफ्नो पक्ष निर्वल छ भन्ने सम्झेर आफूतर्फ शक्तिसञ्चय भई सक्षम नहोउन्जेलसम्म चुपचाप बस्नु।

५ द्वैधीभाव - दुई किसिमको मनसाय लिनु। देखावटी रूपले वैरीसँग मित्रता गर्नु, भित्री तवरले भने शत्रुता राखी आफ्नो सेनालाई दुई भागमा (टुकडीमा) विभाजन गरेर एउटालाई धावा बोल्नु वा वैरीतर्फ आक्रमण कार्य गर्नु अर्को टुकडीलाई प्रत्यक्ष अरुले देख्ने गरेर अपमानित गर्नु र गोप्य रूपले शत्रुपक्षमा मिल्न पठाउनु, आफूसँगबाट छुट्टिएर शत्रुतर्फ मिलेको यस किसिमको सेनाको टुकडीले लडाईको बेलामा शत्रुको सेनाभित्र पसेर त्यसलाई नष्ट पार्दछ।

**क्रमशः**

# 'मध्यम आयस्तरयुक्त गाउँपालिका बनाउने पहुँचमार्ग तयार पारेका छौं'

*मुलुक संघीय संरचनामा गएपछि पहिलोपटक स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिको कार्यकाल उत्तरार्द्धमा पुगेको छ। कार्यकाल सकिँदै गर्दा जनप्रतिनिधिहरूले गरेका कामको समीक्षा भइरहेको छ। चुनावमा गरेका प्रतिबद्धताअनुरूप कति काम भए भन्ने प्रश्न अहिले आम जनताले उठाइरहेका छन्। यसैबीच यही ३० वैशाखमा स्थानीय तहको नयाँ निर्वाचन हुँदै छ। सरकारले उक्त दिन देशभरका ७५३ वटै स्थानीय तहको निर्वाचन एक साथ सम्पन्न गर्ने तयारी गरेको छ। त्यसैअनुसार निर्वाचन आयोगले चुनावी कार्यक्रमहरूको तयारीलाई तीव्र बनाइरहेको छ। यस्तै, राजनीतिक दलहरू पनि चुनावको तयारीमा जुटिसकेका छन्।*

*बेदबहादुर रोका, जो २०७४ को स्थानीय तह निर्वाचनमा शिक्षण पेसा छाडेर राजनीतिमा होमिएका थिए। उक्त निर्वाचनमा नेपाली कांग्रेसबाट ओखलढुंगा जिल्लाको खिजीदेम्बा गाउँपालिकाको अध्यक्षमा उम्मेदवारी दिएका उनी निर्वाचित भए। पाँच वर्षअघि प्रधानाध्यापकको जागिर छाडेर राजनीतिमा होमिँदा बनाएका योजना र चुनावमा जनतासमक्ष गरेका प्रतिबद्धताहरू पूरा गर्न उनी सफल भए वा भएनन्? पाँच वर्षको अनुभव र कामको समीक्षा गर्न अध्यक्ष रोकासँग कुराकानी गरेका छौं। प्रस्तुत छ **प्रभाव दैनिक**का लागि **दीपा सुनुवार**ले गरेको कुराकानी:*



**बेदबहादुर रोका**
*अध्यक्ष, खिजीदेम्बा गाउँपालिका, ओखलढुंगा*

**कार्यकालको उत्तरार्द्धमा आइपुग्नुभएको छ, कस्तो रह्यो यहाँको पाँच वर्षे यात्रा ?**

म पहिले पनि सेवामुलक क्षेत्रमा थिएँ। राजनीति पनि सेवामुलक नै हो। म आफैं निम्न वर्गको पारिवारिक पृष्ठभूमिबाट आएको हुँ। मास्टर्ससम्मको अध्ययन पूरा गर्न पाएँ। आफ्नै गाउँको विद्यालयमा शिक्षकको रूपमा काम गर्दै प्रधानाध्यापकको जिम्मेवारी सम्हालें। क्याम्पस सञ्चालन गरियो। शिक्षण पेसा सेवामूलक नै थियो। गएको स्थानीय तह निर्वाचनमा म राजनीतिक रूपमा अगाडि बढें। सबैको मन जितेर गाउँपालिका अध्यक्ष निर्वाचित भएँ। खिजीदेम्बा गाउँपालिकामा नेपाली कांग्रेसको बहुमत रह्यो। एमालेको पनि प्रतिनिधित्व रह्यो। तर हामीले बहुमतको दम्भ देखाएनौं। समन्वयात्मक रूपमा अगाडि बढ्यौं। सेवामुलक र विकासका लागि हो भन्ने भावनाले काम गरियो। पाँच वर्षे कार्यकालको अनुभव आनन्दपूर्ण नै रह्यो।

**त्यसो भए यो कार्यकालमा आफूले गरेका कामबाट सन्तुष्ट हुनुहुन्छ ?**

मान्छे पूर्णरूपले सन्तुष्ट कहिल्यै पनि हुँदैन। लक्ष्य के राखिएको छ, त्यो पूर्णरूपले प्राप्त नगर्न पनि सकिन्छ। धेरै कुराहरू प्राप्त भए होलान्, धेरै कुरा भएनन् होला। आवश्यकता असीमित हुन्छन्, साधन सीमित हुन्छ। सीमित साधनले असीमित आवश्यकता पूरा गर्नुपर्छ। त्यसैले जति काम गर्न सकियो, राम्रै गर्ने प्रयास भएको छ। संघीयता स्थापनापछि पहिलो चरणमा भएको हुनाले संघीय सरकार र प्रदेशबाट स्थानीय तहलाई पूर्णरूपमा अधिकार प्रत्यायोजन गरेनन्। त्यसले केही अप्ठचारो बनायो। 'गाउँ-गाउँमा सिंहदरबार', 'घर घरमा सिंहदरबार' नारा थियो, त्यो भनेको गाउँ-गाउँमा, घरघरमा सेवा पुऱ्याउनु हो। विभिन्न चुनौतीहरूका बीच त्यो काममा केही हदसम्म सफल भएका छौं। पहिलो पाँच वर्षे कार्यकालमा विकासका पूर्वाधारको जग बसाल्ने काम भएको छ।

**चुनावमा जनतासमक्ष गर्नुभएका प्रतिबद्धता कति पूरा गर्नुभयो त ?**

हाम्रो जस्तो देशमा राजनीतिले अलिकति फरक रूप पनि लिएको छ। त्यसैले सबै सन्तुष्ट हुनुहुन्छ भन्ने होइन, सबै असन्तुष्ट हुनुहुन्छ भन्ने पनि होइन। मलाई निर्वाचित गराउनेहरूले जति अपेक्षा गर्नुभएको थियो, त्यति काम नभएको हुन सक्छ। अर्कोतर्फ यसले केही पनि गर्दैन भन्नेहरूले जति सोचेका थिए, त्यो भन्दा धेरै काम भएको छ। समग्रमा विकासका पूर्वाधारहरूको विकास, आयआर्जन तथा सुशासनका कुराहरूमा बढी केन्द्रित भएर काम गरियो।

**पालिकाको नेतृत्व लिएर काम गर्न कतिको सहज भयो अथवा के-के कुराले अप्ठ्यारो सिर्जना गऱ्यो ?**

ओखलढुंगाको अति नै दुर्गम गाउँपालिका भएको कारणले हामी धेरै पछाडि थियौं। पछाडि हुनुको नाताले हामीले त्यहाँ गर्ने कामहरू निकै चुनौतीपूर्ण भए। स्रोत र साधान अपुग भयो। राज्यले विनियोजन गर्ने बजेट सीमित सुत्रमा आधारित भएर सबैलाई एक ढंगले वितरण गरेको हुन्छ। तर हाम्रा आवश्यकताहरू धेरै हुन्छन्। राजस्व पनि कम हुन्छ। दुर्गम स्थान भएकाले स्थानीय आयआर्जन नभएको ठाउँमा केही कठिनाइ भएकै हो।

**तपाईंले विशेष कुन क्षेत्रलाई प्राथमिकतामा राखेर काम गर्नुभयो ?**

विशेष त विकासका पूर्वाधारमा जोड दिइएको छ। पहिलो पाँच वर्षे अवधिमा विकासका पूर्वाधारहरू तयार पार्ने, यसको निकास खोज्ने, आयआर्जनलाई सुरुआत गरिदिने काम गरियो भने अर्को १० वर्षमा खिजीदेम्बा गाउँपालिकाको विकास देखिने गरी नै हुन्छ, यहाँका मानिसहरूको आय मध्यमस्तरको हुन्छ भन्ने उद्देश्यले काम गऱ्यौं। आगामी १५ वर्षभित्र गाउँपालिकालाई मध्यम आयस्तरयुक्त बनाउँछौं भन्ने हाम्रो अठोट थियो। विकास, समृद्धि र सुन्दर भविष्य हाम्रो लक्ष्य रह्यो। त्यसैअनुसार शिक्षा, स्वास्थ्य, सडक, विद्युत्, सञ्चार, सिँचाइलगायतका पूर्वाधारहरू सुरु गरेका छौं। पाँच वर्षे कार्यकालमा अबको १० वर्षभित्र खिजीदेम्बालाई मध्यम आयस्तरयुक्त गाउँपालिका बनाउने पहुँचमार्ग तयार पारेका छौं।

**तपाईंको गाउँपालिकामा शिक्षा क्षेत्रको विकास कस्तो रह्यो ?**

२०३५ सालमा वडा नम्बर १ र २ को रगनीमा माध्यमिक विद्यालय रहेको थियो। त्यसपछि रामपुर, ओखलढुंगा र नजिकै पर्ने रामेछापको हिमगंगामा उच्च शिक्षा लिन जानुपर्ने बाध्यता थियो। अहिले गाउँमा सबैले औपचारिक र अनौपचारिक शिक्षा पाएका छन्। निरक्षरता हटेको छ। साक्षरता करिब ७०-८० प्रतिशतमा पुगेको छ। गाउँपालिकाभित्रबाट उत्पादन भएका जनशक्ति माथिल्लो तहसम्म पुगिसकेका छन्। सामुदायिक शिक्षाको स्तर भने खस्केको छ। यसलाई सुधार्न हामीले प्रयास गरेका छौं। विद्यालयहरू पर्याप्त छन्। क्याम्पस र प्राविधिक शिक्षाको पढाइ पनि सुरु भएको छ।

**पर्यटन, सञ्चार, विद्युत्लगायत क्षेत्रमा के कस्ता काम भए त ?**

खिजीदेम्बामा पर्यटकीय स्थल कम छन्। भूगोलको हिसाबले पनि अप्ठचारो छ। यद्यपि, पर्यटन क्षेत्रमा स्रोत साधनको परिचालन विस्तारै बढ्दै छ। यहाँ तीन हजार ३५० मिटर उचाइको थोलेदेम्बा डाँडा छ, टाकुरा छ। प्रदेश सरकारको सहयोगमा भ्युटार निर्माण भएको छ, जहाँबाट हिमशृंखलाहरू अवलोकन गर्न सकिन्छ। विभिन्न जाति, जनजातिका धार्मिक संस्कार एवं गुम्बा, चैत्य, मठमन्दिर रहेका छन्। वडा नम्बर ८ बाट बोर्दिङ गुम्बादेखि देम्बासम्म पदमार्ग तयार गरेका छौं।

पर्यटकीय परियोजनाका पूर्वाधार बनाउने काम भएको छ। पोकली झरनादेखि थोलेदेम्बा र यहाँबाट सोलुको पिकेसम्मको गुरुयोजना तयार भएको छ। देम्बाबाट पिकेसम्मको पदमार्ग पनि तयार गरेका छौं। यसका साथै खिजीचण्डेश्वरीका महेश कोर्मोचाको पहलमा विमानस्थलको मैदान तयार भयो। हाम्रो कार्यकालमा विमानस्थलको परिक्षण उडान गराइयो। सफल पनि भयो। तर पछिल्लो समयमा कोभिडका कारण उडान भर्न सकिएन। एक-डेढ वर्ष यत्तिकै बस्यो। मैदानका लागि पुनः मर्मतसम्भार भने सिस्टममा लगेर गर्न सकिएन।

सञ्चारको सुविधालाई मध्यनजर गरेर प्रत्येक वडा-वडामा इन्टरनेटको सुविधा उपलब्ध गराएका छौं। अप्टिकल फाइबर आगामी असारभित्र जडान हुन्छ। प्रत्येक विद्यालय र स्वास्थ्य संस्थामा इन्टरनेटको पहुँच पुऱ्याएका छौं। ग्रामीण विद्युत्को योजनाले सञ्चारमा पनि मूख्य भूमिका खेल्ने गर्दछ।

**रोजगारीको अभावमा वैदेशिक रोजगारीमा जाने युवाहरू धेरै छन्, ती युवाहरूलाई लक्षित केही कार्यक्रम कार्यान्वयनमा ल्याउनुभयो ?**

यो पूर्वाधार विकाससँगै जोडिन्छ। सडक, शिक्षा, स्वास्थ्य, सञ्चार, सिँचाइ, खानेपानी, विद्युत्लगायतका पूर्वाधार तयार गर्दा रोजगारीको अवसर बढ्छ। सडकको पहुँच नपुऱ्याएसम्म त्यहाँ उद्योग, कलकारखाना खोल्ने कुरा भएन। जे हामीले कृषि उत्पादन गर्छौं सडकको पहुँच पुग्यो भने बल्ल त्यहाँबाट बाहिरिने भयो। यान्त्रिक कुरा ल्याउनपऱ्यो भने सडकको पहुँच हुनुपऱ्यो। अहिले सबै वडामा सडक जोडिएको छ। सडक मात्र भएर भएन सञ्चारको सुविधा हुनुपऱ्यो। सबै वडा, विद्यालय र स्वास्थ संस्थामा इन्टरनेट सेवा पुऱ्याएका छौं। ग्रामीण विद्युत्का कुरा आइरहेको छ। स्वास्थ्य सेवामा कमी हुन दिइएको छैन।

यी सबै कामबाट रोजगारी सिर्जना हुन्छ। सीपमूलक तालिम उपलब्ध गराउने काम भएको छ। स्थानीयलाई नगद दिनुभन्दा वैकल्पिक सहायता उपलब्ध गराएका छौं। अनुदानलाई भन्दा गाउँपालिकामा बैंक, वित्तीय संस्थाबाट लिइएको कर्जामा ५० प्रतिशत ब्याजमा छुट गरेका छौं। पुँजी नै दिनुभन्दा यसमा जोड दिएका छौं। सडक एवं स्रोत र साधन भए त्यहाँ भएको सीपमूलकका साथसाथै कृषिलाई अगाडि बढाउन माटो परीक्षणका काम गरेका छौं। अपांगता भएकालाई सीपमूलक तालिम दिएका छौं। उनीहरू तालिम लिएर ढकी, मुढा, ऱ्याक आदि बनाएर आयआर्जन गर्ने भएका छन्।

**स्वास्थ्यको क्षेत्रमा के-के काम गर्नुभयो ?**

पहिले स्वास्थ्य चौकीमा मात्र सीमित थियो। स्वास्थ्य चौकी नभएका स्थानमा हाल टोलटोलमा स्वास्थ्य युनिट स्थापना गरेका छौं। वडा नम्बर ५ मा अस्पताल स्थापना गरेका छौं। बर्थिङ सेन्टर स्थापना भएको छ। एक जना डाक्टर र स्टाफ नर्स गरी दुई जना राखेका छौं। अहिले 'होल बडी चेकअप'को सुविधा गाउँमै उपलब्ध हुन्छ। आधा घण्टाको फरकमा स्वास्थ्य चौकीको सेवा पुऱ्याएका छौं।

**यो कार्यकालमा तपाईं आफैंलाई सबभन्दा सन्तुष्ट बनाउने काम कुनै छ ?**

अरू कसैलाई मन खाओस्/नखाओस्, तर मलाई राम्रो लागेको काम। असाध्यै सानो तर एकदमै महत्त्वपूर्ण काम- सबभन्दा पहिला सडक सहज गराएर एम्बुलेन्स सञ्चालन गर्न सकें। एउटा बोलेरो गाडी/सुमो गाडी चलाउन ठूलो कुरा छैन। तर हाम्रो जस्तो दुर्गम भूमिमा एम्बुलेन्स सञ्चालन गर्ने सम्भवतः पहिलो हो। हामीले पहिलो कार्यकाल गाडी चढ्ने पैसा कटाएर एम्बुलेन्स सञ्चालन गरेका थियौं। अस्पताल स्थापना भएको छ। सानो चोट लाग्दा पनि एउटा ब्यान्डेज वा त सिटामोल किन्न टाढा जानुपर्थ्यो। सक्नेले हेलिकप्टर बोलाएर ८०-९० हजारदेखि एक लाख खर्च गर्थे। अहिले त्यो अवस्था छैन। स्वास्थ्य सेवा पहिलेको तुलनामा धेरै नै सहज भएको छ।

- मलाई निर्वाचित गराउनेहरूले जति अपेक्षा गर्नुभएको थियो, त्यति काम नभएको हुन सक्छ। तर यसले केही पनि गर्दैन भन्नेहरूले जति सोचेका थिए, त्यो भन्दा धेरै काम भएको छ।
- हाम्रो जस्तो दुर्गम भूमिमा एम्बुलेन्स सञ्चालन गर्ने सम्भवतः पहिलो हो। हामीले पहिलो कार्यकाल गाडी चढ्ने पैसा कटाएर एम्बुलेन्स सञ्चालन गरेका थियौं।
- संघीयता स्थापनापछि पहिलो चरणमा भएको हुनाले संघीय सरकार र प्रदेशबाट स्थानीय तहलाई पूर्णरूपमा अधिकार प्रत्यायोजन गरेनन्। त्यसले केही अप्ठचारो बनायो।
- 'गाउँ-गाउँमा सिंहदरबार', 'घर घरमा सिंहदरबार' नारा थियो, त्यो भनेको गाउँ-गाउँमा, घरघरमा सेवा पुऱ्याउनु हो। विभिन्न चुनौतीहरूका बीच त्यो काममा केही हदसम्म सफल भएका छौं।

# योगदानका आधारमा करमा सहुलियत दिइनेछ : मुख्यमन्त्री

■ प्रभाव संवाददाता



**कर्णाली–** मुख्यमन्त्री जीवनबहादुर शाहीले कर्णालीमा उद्योगले प्रदेशलाई गर्ने योगदानका आधारमा करलगायतका क्षेत्रमा सहुलियत प्रदान गर्न सरकार तयार हुने बताएका छन् ।

सुर्खेतमा स्थापना हुने तयारीमा रहेको सूर्यतारा सिमेन्ट उद्योगका सञ्चालक र प्रदेश सरकारबीच मुख्यमन्त्री कार्यालयमा भएको छलफलमा उनले यस्तो बताएका हुन् ।

उनले कर्णालीमा बाह्य लगानी नआउँदासम्म कर्णाली विकासमा पछाडि पर्ने हुनाले बाह्य लगानी भित्र्याउन प्रदेश सरकारले आवश्यक सहयोग गर्ने बताए । उनले प्रदेश सरकारले नीतिगतरूपमै आवश्यक सहुलियतको व्यवस्था गरे पनि प्रदेशमा ठूला लगानीकर्ता नआएको उनको भनाइ छ । उनले खानी र उद्योगसम्म सडक तथा पानी पुऱ्याउन प्रदेश सरकारले तत्कालै काम थाल्ने जानकारी गराए ।

बराहताल गाउँपालिका-७ स्थित लखरपाटामा खानी र चौकुनेमा उद्योग सञ्चालन गर्न लागेको सूर्यताराले आवश्यक सहजीकरण र भावी योजनाकाबारेमा प्रदेश सरकारलाई जानकारी गराएको थियो । १५ अर्ब बराबरको लगानीमा सञ्चालन हुन लागेको उद्योगले दुई वर्षभित्र सिमेन्ट उत्पादन गर्ने लक्ष्य लिएको छ । यसका लागि उद्योगले चौकुनेमा आवश्यक जग्गा खरिद गरिसकेको छ ।

सूर्यतारा सिमेन्ट उद्योगका अध्यक्ष मुकुन्दप्रसाद तिमिल्सेनाले उद्योगका लागि जग्गा प्राप्ति भइसकेको र पहुँचमार्गलगायत संरचना निर्माणको काम प्रक्रियामै रहेको जानकारी दिए । उद्योग सञ्चालनका लागि लगानी बोर्डले १४ अर्ब २७ करोड ५० लाखको लगानी स्वीकृत गरेको छ ।

उद्योगले बराहताल-७ स्थित लखरपाटामा ९५ हजार हेक्टर जमिनबाट चुनढुङ्गा उत्खनन् गर्नेछ भने चौकुने गाउँपालिकामा उद्योग स्थापनाका लागि ४२ बिघा जमिन खरिद गरेको छ । उद्योगले दैनिक ५० देखि ६० हजार बोरा सिमेन्टका साथै तीन हजार टन क्लिङ्कर उत्पादन गर्नेछ । प्रदेश सरकारसँगको छलफलमा आर्थिक मामिला तथा योजनामन्त्री विन्दमान विष्ट, सामाजिक विकासमन्त्री यज्ञबहादुर बुढाक्षेत्री, प्रमुख सचिव राजकुमार श्रेष्ठले आफ्नो विचार राखेका थिए ।

# हेलम्बु गाउँका बाढीपहिरोपीडितलाई अस्थायी आवास

■ प्रभाव संवाददाता

**सिन्धुपाल्चोक–** सिन्धुपाल्चोक, हेलम्बु गाउँ पालिकाका बाढी-पहिरो पीडित परिवारलाई पहिलो घर हस्तान्तरण गरिएको छ । हिमालयन फाउन्डेसन कर्प, न्युओर्क एण्ड क्यालिफोर्नियाले सिन्धुपाल्चोक, हेलम्बु गाउँ पालिकाका बाढी-पहिरो पीडित परिवारलाई अस्थायी आवास उपलब्ध गराएको हो । फाउन्डेसनले आइतबार हेलम्बुको पाल्चोकमा एक कार्यक्रममा बीच पहिलो घर हस्तान्तरण गरेको छ ।

अमेरिकाको मेरिल्याण्ड राज्यका पहिलो नेपालीमुल बिधायक डा.ह्यारी भण्डारीको प्रमुख आथित्यतामा सम्पन्न कार्यक्रममा डा.भण्डारीसहित फाउन्डेसनका संस्थापक यज्ञलाल श्रेष्ठ, शस्त्र प्रहरीका पूर्व आइजीपी शैलेन्द्रकुमार श्रेष्ठ, पूर्व डिआइजी केबि ब्रम्हचार्य, वरिष्ट फिल्म निर्देशक नारायण पुरी, वरिष्ट संचारकर्मी भुषण दाहाल, प्रोफेसर प्रकाश खड्गी, लायन्स क्लवका पूर्व अध्यक्ष दिकेन्द्र मास्कलेलगायतले संयुक्त रूपमा बाढीपीडित रामबहादुर भारतीलाई नवनिर्मित घरको चावी सुम्पिएका थिए ।

गत असार र साउनमा आएको बाढीपहिरोले सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका र हेलम्बु गाउँपालिकामा जनधनको ठूलो क्षति पुऱ्याएको थियो । बगरमा परिणत उक्त स्थानका पीडितलाई सहयोग गर्ने उद्धेश्यले आफ्नो सामाजीक संस्था हिमालयन फाउन्डेसनमार्फत संस्थापक यज्ञलाल अघि सरेका थिए । उनले गत कार्तिक २४ गते हेलम्बु गाउँपालिकासँग बाढीपीडितका लागि आफ्नो फाउन्डेसनमार्फत १० वटा घर निर्माण गरिदिने सम्झौता गरेका थिए । सोही बमोजीम घरहरू बन्दै गरेको र हाल नेपाल आएको अबसरमा बस्नका लागि तयार भएको एउटा घर हस्तान्तरण गरिएको उनले बताए ।

'आफू जन्मे, हुर्किएको ठाउँमा बिपत्ति परेको मैले हेरेर बस्न सकिनँ,' यज्ञलालले भने, 'आफ्नो तर्फबाट जति सकिन्छ, सहयोग गरौं भनेर पीडितका लागि घर निर्माण थालेका हौं । बाँकी घरहरू छिट्टै पूरा हुनेछन् । भबिष्यमा पनि हाम्रो सहयोग जारी रहनेछ ।' सन् २००६ मा स्थापना भएको हिमालय फाउन्डेसन कर्पमार्फत यज्ञलालले थुप्रै समाजिक कार्य गरेका छन् । उनले क्यालिफोर्नीयामा नेपाली कम्युनिटी सेन्टर निर्माणका लागि नेपालबाट अन्जु पन्त,राजु लामाजस्ता चर्चित कलाकारलाई लगेर कन्सर्ट गर्नुका साथै पोखरामा बालबालिकाका लागि कराँते भवन निर्माण तथा आफू पढेको सिन्धुपाल्चोकको स्कुललाई कम्प्युटर,लाइब्रेरी तथा सिसिटिभीको व्यवस्था गर्नेजस्ता थुप्रै काम गरेका छन् । राष्ट्रिय म्याराथुन धावक यज्ञलाल सन् २००२ देखि अमेरिका ब्यापार-ब्यबसायका साथै समाजिक कार्य गर्दै आइरहेका छन् ।

अमेरिकामा बसे पनि आफ्नो गाउँठाउँलाई सम्झीएर सहयोग गरेकोमा कार्यक्रममा प्रमुख अथिति डा. भण्डारीले यज्ञलालको तारिफ गरे । उनले भने,'हामी नेपालीहरू जहाँ रहे पनि एकअर्काको पीडामा मल्हम बन्ने मनका छौ भन्ने उदाहरण उहाँले पेश गर्नु भएको छ । उहाँको यो सह्रानीय कार्यमा हामी सबैले साथ दिनुपर्छ ।'

घर हस्तान्तरण कार्यक्रममा काठमाडौंबाट बरिष्ट चलचित्र पत्रकार लक्ष्मण सुवेदी,'लाइफ इन एल' फिल्मका निर्देशक सूर्य श्रेष्ठ,हिमालयन फाउन्डेसन नेपालका अध्यक्ष फत्तबहादुर गुरुङ,सदस्य सोम लामा, पूर्वप्रधानमन्त्री केपी ओलीकी स्वकिय सचिव मिना श्रेष्ठ, राष्ट्रिय खेलकुद समितिका पूर्व सदस्य नम्बरी शेर्पा, समाजसेवीहरू पूर्ण शेर्पा, पद्म श्रेष्ठ, देवेन्द्रमान श्रेष्ठलगायत थुप्रै संचारकर्मी हेलम्बु पुगेका थिए ।


## मोटरसाईकल हराएको-सूचना

यही मिति २०७९/०१/०३ गते बेलुका ४:३० देखि ६ बजे साँझको बिचमा भक्तपुर सल्लाधारी चोकमा पार्किङ्ग गरिराखेको ठाउँबाट बा.प्र.०२-०२३ प ९४९१ नम्बरको EBONY BLK RED DKL रङको २२० सि.सि.को पल्सर मोटरसाईकल हराएको हुदाँ पाउनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरीदिनुहुन अनुरोध गर्दछु ।

ईन्जिन नं.: DKXCMK51621
च्यासिस नं.: MD2A13EX9MCK80685
सवारीधनीको नाम:मिन बहादुर श्रेष्ठ
सम्पर्क: 9860694702

## करारनामा बदर गरिएको सूचना

बारा सपही १ ख विष्णु राय चौधरी संग कमल तिमिल्सीनाले गरेको करार आजको मितिबाट उहां (विष्णु राय चौधरी) संग काम गर्न नसकेकोले बदर गरिएको छ । तपसिलको नाम एकाघरका छोरा राकेश राय चौधरी द्वारा बदर गरिएको हो । २०७७ साल भन्दा अगाडी कमल तिमिल्सीना को विष्णु राय चौधरीको परिवार संग गरेको करारहरु २०७८/१२/२० गतेका दिन बदर गरिएको जानकारी गराइन्छ ।

| जिल्ला | हाल | साविक |
|---|---|---|
| बारा | कोहल्वी न.पा.वडा नं. २ | सपही वडा नं.१ ख |

**तपसिलका कित्ता नं. हरु**

११०, ६, ५६, ६३, ४, ५४, २६, ८६, ७९, ८२, ८५, ८६, २८, ३२, २४, ५२, २५, १०९, १२६, ५३, ३१, ८९, २७, १४३, ८२ उल्लेख गरिएको छ ।

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DARWISH INTERSERVE FACILITY MANAGEMENT

पूर्व स्वीकृति मिति २०७८/११/१३ | LT No.258647 | चलानी नं.६०१७५०९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Light | 10 | 0 | 1500 | ५०,६६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Gen Clean Worker | 170 | 0 | 1000 | ३३,७७० | | | | | | | |

कम्पनी : DARWISH INTERSERVE FACILITY MANAGEMENT

पूर्व स्वीकृति मिति २०७८/०७/०२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/०५ | LT. No. 248734 | चलानी नं.६०१६५५२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric | 5 | 0 | 1100 | ३७,१५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Gen Clean Worker | 15 | 0 | 1000 | ३३,७७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: बैशाख १३ गते (26th Apr. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**
Licence No.: 811/065/066
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Al Barakah Kuwait General Trading & Contracting Co ( CROWNE PLAZA /HOLIDAY INN HOTEL )

पूर्व स्वीकृति मिति २०७८/११/१३ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/०५ | LT. No. 258687 | चलानी नं. ६०१७५११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commis I | 5 | 5 | 140 | ५५,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commis II | 10 | 10 | 120 | ४७,९८५ | | | | | | | |
| 3 | Housekeping Attendan | 10 | 10 | 100 | ३९,९९० | | | | | | | |
| 4 | Kitchen Steward. | 20 | 0 | 100 | ३९,९९० | | | | | | | |
| 5 | Laundry Attendant | 10 | 5 | 100 | ३९,९९० | | | | | | | |
| 6 | Receptionist / Gsa | 5 | 5 | 200 | ७९,९७५ | | | | | | | |
| 7 | Waiter/waitress | 10 | 10 | 120 | ४७,९८५ | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मिति बैशाख १३ गते (26th Apr. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal. Tel No: 4610716, Phone: 9813327241, 9741877355, 9851107202, 9841359033
Email: supremeovs@yahoo.com, receptionsupreme123@gmail.com, Web: www.supremeoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ANJOUD HINDI AL-MUTAIRI BLACKSMITH WORKSHOP

पूर्व स्वीकृति मिति: २०७९/०१/०५ | LT. No.261553 | चलानी नं. ६०१७८०२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor | 3 | 0 | 1200 | ३९,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख १३ गते (26th Apr. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AL TAAZ INTERNATIONAL PVT.LTD.**
श्रम ईजाजत नं. १२५१/०७४/०७५
Shreetole - Basundhara Kathmandu
Tel: +977 -1- 5905101 / 5905102, E-mail: altaaznepal@gmail.com
Mob No. 9801147203/9801040620/9842482418
Website www.altaazintl.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL WAHA TRANSPORT MAINT AND CONT. CO.

पूर्व स्वीकृति मिति २०७८/०५/२९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/०५ | LT. No.245595 | चलानी नं.६०१६२९८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver (Light) | 5 | 0 | 1700 | ५७,४१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 32 | 0 | 1000 | ३३,७७० | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख १३ गते (26th Apr. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TADWEER TRAD. CONT. & SERVICES W.L.L

पूर्व स्वीकृति मिति :२०७९/०१/०५ | LT. No. 261570 | चलानी नं. ६०१७८०३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1100 | ३७,१५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 2 | 0 | 1000 | ३३,७७० | | | | | | | |

कम्पनी : KHALIL SULAIMAN TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति :२०७९/०१/०५ | LT. No. 261562 | चलानी नं. ६०१७८०३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Executive Sales | 1 | 0 | 2100 | ७०,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: बैशाख १२ गते (25th Apr. 2022)मा हुनेछ ।

यसै कम्पनीको लागि (F) Receptionist-1, Documentation-1, Accountant-1 हरूको पनि माग भई आएकोले ईच्छुक व्यक्तिहरूले सम्पर्क राख्नुहोला ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
श्रम ईजाजत नं. ११०८/०७३/०७४
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TWO SHAWARMA RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति २०७९/०१/०५ | LT No. 261850 | चलानी नं. ६०१७८६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sandwich Maker | 2 | 0 | 135 | ५४,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौंमा, मिति: वैशाख १३ गते (26 April 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धी व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.**
श्रम ईजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-015905764/015905763
9841887602, Fax No: +977-4383351 Email Id: dubaioverseas2016@gmail.com

# प्रभाव दैनिक

रूपशाला

मंगलबार, ६ वैशाख २०७९ (Tuesday, April 19, 2022)


## फुट रियालिटी सो ल्याउँदै प्रियंका

अभिनेत्री प्रियंका कार्कीले नेपालको पहिलो फुड रियालिटी सो 'सेफ नेपाल' सञ्चालन गर्न लागेको बताएकी छन् । तपाईंहरूसँग कत्ति आत्नो रेसेपी होलान्,' उनले भनेकी छन्, 'तडका मारेर आत्तै सिग्नेचर स्टाइलमा खाना पकाउनुहुन्छ होला। यहाँहरूका लागि प्लेटफर्म खोई त ? चिन्ता नगर्नुहोस् त्यो प्लेटफर्म मैले ल्याउँदै छु,' उनले सामाजिक सञ्जालमार्फत् बताएकी छिन् ।



# सम्झना बिर्सनाको ट्रेलर सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेत्री पूजा शर्मा र अभिनेता आकाश श्रेष्ठको मुख्य भूमिका रहेको फिल्म 'सम्झना-बिर्सना' को ट्रेलर सार्वजनिक गरिएको छ । तीन मिनेट अवधिको ट्रेलरमा कमेडी, लभ, रोमान्स, सेन्टिमेन्टस् तथा सस्पेन्सका देखाइएको छ ।

निमेष प्रधान निर्देशित फिल्मलाई अद्वितिय प्रधान र रेविका प्रधानले निर्माण गरेका हुन् । जेठ ६ गते प्रदर्शन हुने फिल्ममा पूजा र आकाशको अलवा सुनील थापा, छुल्टिम गुरुङ, शिशिर राणा लगायतका कलाकारको अभिनय देख्न सकिन्छ ।

दार्जिलिङ, सिल्गुडी तथा सिक्किमका बिभिन्न रमणीय स्थानमा खिचिएको फिल्मको कथा र पटकथा निर्देशक निमेषकै हो, भने सम्वाद लेखनमा उनलाई शिशिर राणाले सघाएका छन् । दर्शकहरूले औधी मन पराएको पूजा र आकाशको जोडीलाई दर्शकले एउटै फिल्ममा हेर्न नपाएको धेरै भएको छ । सोही सन्दर्भमा केही दिनअघि सार्वजनीक यो फिल्मको 'परेलीमा' बोलको गीतले पनि दर्शक स्रोताको मन जितिरहेको छ । ट्रेलरले त फ्यानहरूमा अझै खुसीयाली ल्याउने बिश्वास निर्माण पक्षको छ ।

पछिल्लो समय उनीहरूबीच सम्बन्ध चिसिएको हल्ला चलिरहेको छ । ट्रेलरमा पनि पूजा र आकाशबीचको सम्बन्धमा असमझदारी भएको झलक देखाइएको छ, जुन कुरा उनीहरूको वास्तविक जीवनसँग मेल खान गएको छ । तर, कतिपयले भने 'सम्झना-बिर्सना' ले यी दुईको पुनः मिलाप गराउने अनुमान समेत गरेका छन् ।

आदित्य फिल्मस्को प्रस्तुति रहेको 'सम्झना बिर्सना' शिब ढकालले खिचेका हुन्, भने सम्पादन तारा थापा 'किम्भे' ले गरेका छन् । फिल्मका गीतमा राजन इशान, सुदर्शन तामाङ र निर्देशक निमेषकै संगीत छ । कमल राईको कोरियोग्राफी रहेको फिल्मलाई आरआर फिल्मस्ले वितरण गर्दै छ ।

# उपन्यास भाइरस लभ तिलिचो हिमालमा लोकार्पण



■ प्रभाव संवाददाता

**काठमाडौं–** कीर्तिमानी गीतकार तथा साहित्यकार डा. डीआर उपाध्यायको नयाँ उपन्यास 'भाइरस लभ' मनाङमा रहेको तिलिचो तालको उचाईमा लोकार्पण गरिएको छ । उपन्यास 'भाइरस लभ' तिलिचो तालसँगैको हिमालको पाँच हजार एकसय ६ मिटर उचाईमा लोकार्पण गरिएको हो ।

पुस्तकलाई पत्रकार कृष्ण भुसाल, गायक तथा संगीतकार सागर अधिकारी 'शरद' लगायतले ५ हजार एकसय ६ मिटर उचाईमा लोकार्पण गरेका थिए ।

१९२ पेजको उपन्यास चालिस भाग विभाजन गरिएको छ । कार्यक्रममा सहभागी भुषाल, चन्द र अधिकारीले उपन्यासका बारेमा आ-आफ्ना भनाइ राखेका थिए ।

यति धेरै उचाईमा उपन्यास लोकार्पण गरिएको विश्वमा यो नै पहिलो पल्ट भएको उपन्यासकार डा. उपाध्यायले जानकारी गराए शिखा बुकले प्रकाशन गरेको १९२ पेजको उपन्यासको मूल्य ३७५ राखिएको छ ।

डा. उपाध्यायका यसअघि 'बज्रघात', 'त्यागी', 'भाग्यचक्र', 'अपवित्र छाया', 'स्वार्थी', 'बिटुली', 'अतिरिक्त', 'दगाबाज', 'अधुरो प्रेम'लगायत थुपै उपन्यास र गीत सार्वजनिक भएका छन् ।

डा. उपाध्यायले गीत संगीत तथा विविध विधामान गिनिज बुक अफ वर्ल्ड रेकर्डसहित १०८ विश्व कीर्तिमान कायम केही अगाडि गरेका थिए ।

# विश्रामले ल्याए गीत के छ मसँग



■ प्रभाव संवाददाता

**काठमाडौं–** गायक विश्राम रायामाझीको स्वर रहेको गीत 'के छ मसँग' सार्वजनिक भएको छ । राजधानीमा एक कार्यक्रमकाबीच गीत भिडियो सहित सार्वजनिक गरिएको हो । रोमान्टिक शैलीमा तयार गीतमा गायक रायामाझीकै शब्द तथा संगीत छ, भने एरेन्ज मुस्कान मुकारुङको रहेको छ ।

गीतको भिडियो किरण क्रियसनले निर्माण गरेको छ । जसमा अमृत गुरुङ र नग्मा श्रेष्ठको अभिनय देख्न सकिन्छ । एक जोडी प्रेमीप्रेमीकाको कथा बुनिएको भिडियो टेकेन्द्र शाहले निर्देशन गरेका हुन् ।

अमृत शाही ठकुरीको कोरियोग्राफी, अजय रेग्मीको छायांकन रहेको भिडियोको सम्पादन निर्देशक टेकेन्द्र शाह आफैले गरेका छन् ।

कार्यक्रममा गायक दिनेश बान्तवा, गीतकार विपिन किरण लगायतले गीतको सफलताका लागि शुभकामना दिएका थिए । गीतको शब्द, संगीत, स्वरका अलवा भिडियोमा पनि धेरै मिहिनेतका साथ तयार गरिएकोले गीत र भिडियो दुबै श्रोता तथा दर्शकले रुचाउने विश्वास आफुले लिएको गायक विश्राम रायमाझीले बताए ।



# योजना सार्वजनिक गर्दै एन्फाका पूर्वअध्यक्ष थापा

■ प्रभाव संवाददाता



**काठमाडौं–** अखिल नेपाल फुटबल संघ (एन्फा) का पूर्वअध्यक्ष गणेश थापाले आफ्ना योजना र कार्यक्रम सार्वजनिक गर्न पत्रकार सम्मेलन गर्ने भएका छन् । विश्व फुटबलको सर्वोच्च संस्था फिफाको प्रतिबन्धमा रहेका थापाले ७ वैशाखमा पत्रकार सम्मेलन गर्ने बताएका हुन् ।

उनले वर्तमान एन्फा अध्यक्ष कर्माछिरिङ शेर्पाले आफूलाई कपोकल्पित आरोप लगाएका कारण विगत सात वर्षदेखि आफू र परिवारले भोगेको पीडाको अन्त्य गर्न पत्रकार सम्मेलन गर्न खोजेको खुलाएका छन् । 'एन्फाका वर्तमान नेतृत्व कर्माछिरिङ शेर्पाले मलाई कपोकल्पित लगाएको आरोपले गर्दा सात वर्षदेखि म र मेरो परिवारले जुन पीडा भोगेको छ अब यसको अन्त्य हुनुपर्दछ। म अब अगाडि बढें, आइतबार ७ वैशाखमा पत्रकार सम्मेलन गरी योजना र कार्यक्रम सार्वजनिक गर्नेछु,' उनले भने ।

चार वर्षअघि गणेश थापाको सत्तालाई पराजित गर्दै कर्माछिरिङ शेर्पाको समूह एन्फामा निर्वाचित भएको थियो । त्यही समूह अहिले फुटेर ६ असारमा तय चुनावमा प्रतिस्पर्धा गर्दैछ ।

## नोर्बु निर्णायक

**काठमाडौं (प्रस)–** विश्व तेक्वान्दो च्याम्पियनसिपमा नेपाली निर्णायक नोर्बु लामाले निर्णायकको भूमिका निर्वाह गर्दै छन् । प्रतियोगिता सोमबारदेखि दक्षिण कोरियाको गोयाङमा सुरु हुँदै छ ।

तेक्वान्दोका सहायक प्रशिक्षक नोर्बुले पुम्से विधामा निर्णायकको भूमिका निर्वाह गर्न लागेका हुन् । उक्त प्रतियोगिता पुम्सेकै विश्व च्याम्पियनसिप भएको बताइएको छ । नोर्बुले सन् २०२०, २०२१ र २०२२ मा एसियाली खुला, २०२२ मा विश्व तेक्वान्दो मुजु प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गरिसकेका छन् । त्यस्तै अनलाइन प्रतियोगितामा पनि उनी निर्णायकको जिम्मेवारीमा रहिसकेका छन् ।

## माल्दिभ्समा किरण लिम्बू सम्मिलित माजियाको १३ गोल



**काठमाडौं (प्रस)–** नेपाल राष्ट्रिय फुटबल टोलीका कप्तान किरणकुमार लिम्बू सम्मिलित माजिया स्पोर्टस्ले सानदार जित निकालेको छ । आइतबार राति भएको खेलमा किरण सम्मिलित माजियाले क्लब भ्यालेन्सियालाई १३-० अन्तरले पराजित गरेको हो ।

माजियाको एकपक्षीय जितमा मोहम्मद हाम्जाले एक्लै चार गोल गरे । स्टेवार्ट कर्नेलिउस र हुसन नाइज दुबैले ह्याट्रिक पूरा गरे । यस्तै टानाले दुई गोल गर्दा ऐसामले एक गोल गरे ।

नेपाली टोलीका कप्तान किरणले भने सुरुआती एघारमै खेल्दै आएका छन् । उनले खेल पूरा समयसमेत खेले । जारी लिगमा नौ खेल खेल्दा आठ खेलमा जित र एक खेलमा हार बेहोरेको माजिया २४ अंकसहित शीर्षस्थानमा छ । आठ टोली सहभागी लिगमा माजियाले ३४ गोल गरेको छ भने दुई गोल बेहोरेको छ ।

समान खेलबाट १३ अंक जोडेको पराजित भ्यालेन्सिया तेस्रो स्थानमा छ ।

## आइपिएलः दिल्लीको टिममा देखियो कोरोना

**मुम्बई (प्रस)–** इन्डियन प्रिमियर लिग (आइपिएल)२०२२ टी-२० क्रिकेट प्रतियोगितामा सहभागी दिल्ली क्यापिटल्सका खेलाडीमा कोरोनाभाइरस पोजिटिभ देखिएको छ ।

हाल भारतमा बढ्दै गएको कोरोना संक्रमणको संख्या आइपिएलमा समेत देखिएको हो । हालै दिल्ली क्यापिटल्सका एक अफिसियलमा कोरोना देखिएको थियो । त्यसलगत्तै अहिले एक खेलाडीमा समेत कोरोना संक्रमण देखापरेको छ । पहिलो पटक दिल्लीको फिजियो प्याट्रिक फरहार्टमा कोरोना पोजिटिभ देखिएको थियो । अब, उनीसँगै एक खेलाडीमा समेत कोरोना देखिएको हो । उनको नाम भने सार्वजनिक गरिएको छैन ।

अब, दिल्लीले आफ्नो खेल पन्जाब किंग्सविरुद्ध खेल्दै छ । खेलअघि टिम पुणे पुग्नु पर्ने थियो । तर, टिम हाल होटलमै रहेको छ । कोरोना देखिएसँगै सबै खेलाडीलाई होटेलमै राखिएको र दुई दिनमा कोरोना रिपोर्ट आउने जनाइएको छ ।

जारी आइपिएलमा दिल्लीले पाँच खेल खेल्दा दुई जित र तीन हारका साथ चार अंक जोडेर आठौं स्थानमा छ । जारी लिगमा ६ खेल खेल्दै १२ अंक जोडेको गुजरात टाइटन्स शीर्षस्थानमा छ ।

अघिल्लो सिजनको आइपिएल कोरोनाकै कारण संयुक्त अरब इमिरेट्स (यूएई)मा सारिएको थियो । भारतमा बन्द रंगशालामा गराउँदा समेत कोरोना संक्रमण देखिन थालेपछि खेल यूएईमा सारिएको हो ।

# गणेशमान सिंह बक्सिङ आजदेखि सुरु हुँदै

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपालको प्रजातान्त्रिक आन्दोलनका सर्वोच्च नेता गणेशमान सिंहको स्मृतिमा गणेशमान सिंह स्मृति राष्ट्रिय बक्सिङ प्रतियोगिता मंगलबारदेखि सुरु हुने भएको छ ।

वीर गणेशमान सिंह स्पोर्ट्स कमिटीको आयोजनामा हुने प्रतियोगितामा सात प्रदेश र तीन विभागीय टोलीको सहभागिता रहने छ ।

काठमाडौंको वसन्तपुर डबलीमा आगामी शनिबारसम्म सञ्चालन हुने प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको प्रतियोगिता संयोजक राजीव श्रेष्ठले जानकारी दिए ।

'प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको छ । सातै प्रदेशका खेलाडी, प्रशिक्षक र टिम व्यवस्थापक काठमाडौं आइसकेका छन्', उनले भने, 'हामी सबै खेलाडी, प्रशिक्षक र अफिसियललाई स्वागत गर्न आतुर छौं ।' प्रतियोगितामा पुरुषतर्फ ४८, ५७, ६३, ६९, ७५, ८१, ९१ केजी गरी सात वटा तौल समूहमा प्रतिस्पर्धा हुनेछ । यसैगरी महिलातर्फ ४८, ५४–५७, ६०, ६४–६९, ६९–७५ केजी गरी पाँच वटा तौल समूहमा प्रतिस्पर्धा हुने छ ।

प्रतियोगितामा प्रदेश १ बाट सात पुरुष/चार महिला, मधेश प्रदेशबाट सात पुरुष/पाँच महिला, बागमती प्रदेशबाट सात पुरुष/तीन महिला खेलाडीले प्रतिस्पर्धा गर्ने छन् ।

यसैगरी गण्डकी प्रदेशबाट सात पुरुष/तीन महिला, लुम्बिनी प्रदेशबाट ६ पुरुष/चार महिला, कर्णाली प्रदेशबाट ६ पुरुष/चार महिला, विभागीय टोली त्रिभुवन आर्मी क्लबबाट सात पुरुष/पाँच महिला, एपीएफबाट सात पुरुष/पाँच महिला र नेपाल पुलिस क्लबबाट चार पुरुष/दुई महिला खेलाडीले प्रतिस्पर्धा गर्ने छन् । प्रतियोगितामा ६५ पुरुष र ३७ महिला गरी १०२ जना खेलाडीले प्रतिस्पर्धा गर्ने छन् ।

प्रतियोगिताका हरेक तौल समूहका विजेताले २५ हजार नगद पुरस्कार पाउने छन् । यसैगरी दोस्रो हुनेले १५ हजार र तेस्रो स्थान हात पार्ने दुई खेलाडीले जनही सात हजार पाँच सय रूपैयाँ पुरस्कार पाउने छन् ।

यसैगरी उत्कृष्ट पुरुष खेलाडीलाई मोटरसाइकल र उत्कृष्ट महिला खेलाडीलाई स्कुटर प्रदान गरिने प्रतियोगिता संयोजक राजीव श्रेष्ठले जानकारी दिए ।

# श्रीलंकामा १७ मन्त्री नियुक्त

**कोलम्बो–** श्रीलंकामा उत्पन्न आर्थिक संकटसँग जुध्न राष्ट्रपति गोटाबाय राजापाक्षले नयाँ १७ मन्त्री नियुक्त गरेका छन् । मन्त्रिपरिषद् विस्तार गरेपछि देशमा उत्पन्न राजनीतिक संकट तथा आन्दोलनलाई समेत व्यवस्थापन गर्न सजिलो हुने अपेक्षा गरिएको छ ।

त्यसैगरी प्रशासनिक तथा सार्वजनिक कामहरू पनि तीव्र रूपमा हुने र समस्या तथा असन्तुष्टिहरूको सम्बोधन हुने आशा गरिएको उनले बताएका छन् । नवनियुक्त सबै मन्त्रीहरूलाई सोमबार नै राष्ट्रपति कार्यालयमा शपथग्रहण गराइसकिएको राष्ट्रपति कार्यालयले जानकारी दिएको छ ।

राष्ट्रपति राजापाक्षले अहिले तेस्रोपटक मन्त्रिपरिषद्को पुनर्गठन गरेका हुन् । नयाँ थपिएका मन्त्रीहरूमध्ये आठजना पुराना मन्त्रीहरू नै दोहोरिएका छन् ।

यसअघि यही अप्रिल ३ मा तत्कालीन मन्त्रिपरिषद्का सबै २६ सदस्यले सामूहिक राजीनामा दिएका थिए । देशमा आर्थिक तथा राजनीतिक संकट बढेपछि आमनागरिक आन्दोलित भएकाले मन्त्रीहरूले सामूहिक राजीनामा दिएका हुन् । आर्थिक संकटका कारण देशमा अत्यधिक मूल्यवृद्धि भएको छ भने कतिपय वस्तु तथा सेवाको चरम अभाव भएको छ । *रासस/एएनआई*

# आसाममा चटयाङ लागेर १४ को मृत्यु

**नयाँ दिल्ली–** भारतको आसाम राज्यमा चटयाङ लागेर १४ जनाको ज्यान गएको बताइएको छ । आइतबार यहाँ आएको भीषण वर्षा र चटयाङ्मा परेर ती नागरिकको ज्यान गएको बताइएको छ । आसाममा शुक्रबारदेखि व्यापक वर्षा भएको छ । वर्षासँगै हावाहुरी पनि आएको र यहाँका कतिपय भौतिक संरचनामा पनि क्षति पुऱ्याएको थियो ।

आसामको प्राकृतिक प्रकोप व्यवस्थापन विभागले दिएको जानकारीअनुसार शुक्रबार आठ जनाको ज्यान गएको थियो भने आइतबार थप छ जनाको ज्यान गएको थियो । यहाँ चटयाङबाट मात्र अरू दर्जनौं व्यक्ति नागरिक घाइते भएका पनि अधिकारीहरूले जनाएका छन् ।

यस क्षेत्रमा वर्षासँगै पर्ने चटयाङले समयसमयमा नागरिकको ज्यान जाने गरेको छ । शुक्रबारदेखि आइतबारसम्म जारी रहेको वर्षा, हावाहुरीले दसौं हजार नागरिकका घर भत्काएको तथा अन्य भौतिक संरचनामा क्षति पुगेर प्रभावित भएका बताइएको छ । *एजेन्सी*

# ब्राजिलमा प्रतिबन्धात्मक व्यवस्था हटाइयो

**ब्रासिलिया–** ब्राजिलमा कोरोना भाइरससम्बन्धी प्रतिबन्धात्मक व्यवस्थाहरू हटाइएको छ । सरकारले यसअघि लागू गर्दै आएको सार्वजनिक स्वास्थ्य संकटकाल हटाउने निर्णय भएको अधिकारीहरूले जानकारी दिएका छन् ।

स्वास्थ्यमन्त्री मार्सेलो क्युरोगाले दुई वर्ष अगाडिदेखि लागू भइरहेको स्वास्थ्य संकटकाल हटाइएको स्पष्ट पारे । उनले भने, 'हामीले इतिहासमै सबैभन्दा ठूलो खोप अभियान चलायौं, धेरै मानिसले पूर्ण खोप लगाइसकेका छन्, त्यसैले हामीले प्रतिबन्धात्मक व्यवस्थाहरू हटाइएको हो ।'

महामारीको असर अहिले कम हुँदै गएकाले पनि अब प्रतिबन्धात्मक व्यवस्थाको आवश्यकता र औचित्य नभएको उनको भनाइ छ ।

तर दैनिक नयाँ संक्रमित र कोरोनाका कारण मृत्यु हुने क्रम भने नरोकिएको पनि उनले जानकारी दिनुभयो ।

सरकारी अधिकारीहरूले दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा ब्राजिलमा कोरोनाका कारण थप १९ जनाको मृत्यु भएको छ ।

योसँगै अहिलेसम्म मृतकको कूल संख्या छ लाख ६२ हजार ११ पुगेको छ । *रासस/एएनआई*

# भारतमा दैनिक संक्रमित ९० प्रतिशतले बढ्यो

**नयाँ दिल्ली–** भारतमा कोरोना भाइरसबाट दैनिक संक्रमितहरूको संख्या झण्डै ९० प्रतिशतले वृद्धि भएको छ । कोरोना भाइरसको नयाँ भेरियन्टका रूपमा रहेको ओमिक्रोनको संक्रमण पछिल्लो केही दिनदेखि फेरि बढ्न थालेको छ ।

सोमबार दिइएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा एक हजार १५० जना संक्रमित भएका छन् । त्यसैगरी पछिल्लो एक दिनमा एक हजार ९८५ जना कोरोना भाइरसबाट संक्रमणमुक्त भएका छन् ।

संघीय स्वास्थ्य मन्त्रालयले भारतमा अहिले ११ हजार ५४२ जना सक्रिय संक्रमितहरू रहेका छन् । भारतमा अहिलेसम्म कोरोना भाइरसबाट संक्रमित भएर संक्रमणमुक्त भइसकेकाहरूको संख्या चार करोड २५ लाख १० हजार ७७३ पुगेको छ । कूल संक्रमितमध्ये ९८.७६ प्रतिशत संक्रमणमुक्त भएका छन् । मन्त्रालयका अनुसार भारतमा अहिलेसम्म पाँच लाख २१ हजार ९६५ जनाको कोरोनाका कारण मृत्यु भएको छ । *रासस/एएनआई*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHASHMAN HAZZA AL BASEES FACTORY FOR WHOLESALE AND RETAIL TRADE

पूर्व स्वीकृति मिति २०७९/०१/०५ LT. No.261554 चलानी नं.६०१७८०४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Tailor | 1 | 0 | 1700 | ५५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख १३ गते (26th Apr. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२०८/०७३/०७४

**Overseas Employment (P.) Ltd.**

Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069

E-mail: overseas4employment@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : OOI TEE TYEA ENTERPRISE (PG0083890-T)

पूर्व स्वीकृति मिति २०७९/०१/०५ LT. No.261533 चलानी नं. ६०१७८०२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farming Worker | 13 | 0 | 1200 | ३४,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: बैशाख १३ गते (26th Apr. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९७३/०६७/०६८

**Middle Orbit Overseas Pvt. Ltd.**

Samakhushi - 29, Ranibari Marg, Kathmandu, Nepal

Telphone No: +977-1-4387902 Fax No. +977-1-4389051

E-mail: middleorbit@gmail.com Website: middleorbitoverseas.com



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SARA BEAUTY SALON

पूर्व स्वीकृति मिति: २०७९/०१/०५ LT. No. 261644 चलानी नं. ६०१७८०३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 1 | 150 | ४८,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मिति: बैशाख १३ गते (26th Apr. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1165/073/074

**Chinari Overseas Pvt. Ltd.**

P.O. Box : 8837, Dhumbarahi, Kathmandu, Nepal

Tel : +977-1-4372922/ 4376922 Fax : +977-1-4376922

E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : POLAR TRADING AND MAINTENANCE

पूर्व स्वीकृति मिति : २०७८/१२/१३ LT. No. 261605 चलानी नं. ६०१७८०३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1500 | ५०,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Maintenance Technician | 1 | 0 | 1200 | ४०,५२५ | | | | | | | |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख १३ गते (26th Apr. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**

**(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)**

श्रम ईजाजत नं. ९५४/०६७/६८

Maharajgunj-3,Marajgunj, Kathmandu, Phone No: 015908044/015906944



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : NS AGRICULTURE SDN. BHD.

पूर्व स्वीकृति मिति : २०७६/१०/०७ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०१/०५ LT. No. 230895 चलानी नं.६०१५०२५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farming Worker | 37 | 0 | 1200 | ३४,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: बैशाख १३ गते (26th Apr. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११७७/०७३/०७४

**Pari Overseas Pvt. Ltd.**

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448

Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SALMAN SALAH SALEM AL SULAIMI OPERATION AND MAINTENANCE COMPANY ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०७८/१२/२५ LT. No.261334 चलानी नं.६०१७७६०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Heavy Driver | 6 | 0 | 1800 | ५९,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: म्यानवापर कम्पनी काठमाडौं मिति : बैशाख १३ गते (26th Apr. 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al-Hera Overseas Pvt. Ltd.**

Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, Fax :+977-1-4460601

E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com,

khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OBAID BIN MUBARAK BIN ABDULLAH AL QAHTANI FACTORY FOR MANUFACTURING

पूर्व स्वीकृति मिति २०७८/१२/१७ पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/०५ LT No :259556 चलानी नं. ६०१७७०७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Building Cleaning Worker | 3 | 0 | 1100 | ३६,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Worker | 17 | 0 | 1100 | ३६,०७० | | | | | | | |
| 3 | Truck Driver | 20 | 0 | 1800 | ५९,०२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: बैशाख १३ गते (26th Apr. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

918/067/68

**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.**

Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202

Email :sunray918@gmail.com, srgoverseas@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : EX SERVICES SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०७६/११/०८ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०१/०५ LT. No 233584 चलानी नं. ६०१४६३६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 25 | 0 | 1200 | | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख १२ गते(25th Apr. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**HR International Pvt. Ltd.**

License No. : 1491/074/075

Maharajgunj, Kathmandu, Nepal

Tel : +977-01-4375699, 4375807, Mob No. 9817946907, 9851124963

E-mail : info@hrintlnpl.com



## वर्गीकृत विज्ञापन संकलन काउण्टर

**पशुपति विज्ञापन सेवा -** सोह्रखुटटे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । **स्मार्ट सर्भिस नेपाल प्रालि-**सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । **लोटस कम्युनिकेशन-** गोंगबुचोक, फोनं. ४३६४७१ । **ध्रुवको पसल** -डिल्लीबजार, फोन नं.: ४४३९२०१ ।**Reachmond Books Shop (रोहित दाहाल)**-फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट ।**Yonjan Enterprise-Dhalku Bhishal Nagar, 4438217**।**दन्तकाली स्टेसनरी -** नयाँ बसपार्क फोन नं. ९८१३९६०७४६ ।**सारीका स्टेसनरी पसल -** फोन नं. ९८५११२९६८६ । **ज्ञानज्योती पुस्तक पसल -** बागबजार, फोन नं. ४२४००६० । **विश्व स्वतन्त्र संचार -** सुन्धारा, फोन नं. ४२१९४१२ । **निशा बुक्स एन्ड स्टेसनरी -** लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । **वीडलिंक मिडिया प्रालि -** पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । **हिमचुली स्टेसनरी -** बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । **मलः स्टेसनरी** - गटठाघर ठिमी, फोन नं. **६६३०७५७ । B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी -विश्वज्योति हल साईडमा), **बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर -** कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स: ०१-४२७१३२२ । **दाजुभाई स्टेसनरी -** पिंगलास्थान, गौशाला,, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, **ए.आर स्टेसनरी** च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, **हलफ्याक्स मिडिया एन्ड कम्यूनिकेशन** जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, **लोटस एड मिडिया एन्ड मार्केटिङ** गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०२००० | प्रति तोला – १०१५०० | प्रति तोला – १४१५ |

## कर्पोरेट

### एनएमबिको आयोजनामा हेरिटेज वाक



**काठमाडौं (प्रस)–** एनएमबि बैंकको आयोजनामा नवौं हेरिटेज वाक सम्पन्न भएको छ। एनएमबि भवन, एनएमबि बैंक, बबरमहलबाट शुरु भई बसन्तपुर डवली सम्म पुगि समापन भएको नवौं हेरिटेज वाक कार्यक्रम शनिबार सम्पन्न गरेको छ। यो हेरिटेज वाक कोभिड १९ को प्रकोप पश्चात २ वर्ष पछि आयोजना गरिएको हो।

समृद्ध नेपालको अपार सम्भावना सहित मुलुकको ऐतिहासिक तथा सामाजिक रूपान्तरणको लागी सांस्कृतिक सम्पदा प्रवर्द्धन तथा साक्षरता अभिवृद्धि गर्ने उद्देश्यले उक्त गरिमामय समारोहको आयोजना गरिएको बैंकले जनाएको छ।

एनएमबि बैंक लिमिटेडले नेपाल हेरिटेज सोसाईटीको सहकार्यमा बसन्तपुर डवलीमा बैंकका कर्मचारी, नेपाल हेरिटेज सोसाईटीका सदस्यहरू, युनेस्काको सदस्य तथा सर्वसाधारणहरू गरी लगभग ५०० जनाको सहभागितामा एनएमबि भवन, बबरमहल, काठमाडौं देखी प्ले कार्ड सहित उक्त डवली क्षेत्रसम्म पुगी हेरिटेज वाक कार्यक्रम सम्पन्न गरेको छ। उक्त कार्यक्रममा नेपाल हेरिटेज सोसाईटी तथा स्थानिय सिन्हा स्वान खलालाई डस्टविनहरू पनि हस्तान्तरण गरिएको थियो। सोही प्रकारको कार्यक्रम प्रदेश १, २, ४,५,६ र ७ मा समेत गरीएको छ। प्रदेश १ मा विराटनगर शाखा देखी पिण्डेश्वरी मंदिर, मधेष प्रदेश (प्रदेश नं. २) मा विरगंज शाखादेखी गहवा माई मंदिर, गण्डकी प्रदेशमा चिप्लेढुङ्गा शाखादेखी भद्रकाली मंदिर, प्रद्रेश ५मा ट्राफिक चोक शाखादेखी जीतगढी किल्ला र सुदूर पश्चिम प्रदेशमा बजार क्षेत्र परिक्रमा गरी विभिन्न मंदिरहरू सरसफाई समेत गरेको थियो।

उक्त कार्यक्रममा नेपाल हेरिटेज सोसाईटीकी अध्यक्ष अम्बिका श्रेष्ठ, उक्त सोसाइटीकै सदस्य तथा पुरातत्वविद् प्रकाश दर्नाल, युनेस्कोको कन्ट्री डाइरेक्टर श्री माइकल क्रोफ्ट लगायतले सम्पदा संरक्षणको महत्वको बारे प्रकाश पारेका थिए भने एनएमबि बैंकका सञ्चालक समितिका सदस्य उत्तम भ्लोनले स्वागत मन्तव्य दिएका थिए। कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सुनिल के.सी.ले सांस्कृतिक सम्पदा हाम्रो राष्ट्रको गौरव भएको र यसलाई संरक्षण गर्न हामी हातेमालो गर्नु पर्नेमा जोड दिदै दिएका थिए।

### लालीगुराँसको सातौं काउन्टर नयाँ बजारमा




**ललितपुर (प्रस)–** लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको सातौं सदस्य सुबिधा काउन्टर काठमाडौंको नयाँ बजारमा सञ्चालन भएको छ। संस्थाले सो सुविधा काउन्टरबाट सोमबारबाट कारोबार सुरु गरेको हो।

संस्थाका अध्यक्ष अमरदास श्रेष्ठले नयाँबजारस्थित सदस्य सुविधा काउण्टरको उद्घाटन गरे। उद्घाटन कार्यक्रममा अध्यक्ष श्रेष्ठले शेयर सदस्यलाई सर्वसुलभ सुबिधा उपलब्ध गराउन थप सदस्य सुविधा काउन्टर उद्घाटन गरेको गरेको बताए। उनले भने, 'हामी उपत्यकामा अझै केही सदस्य सुविधा काउन्टर सञ्चालन गर्नेछौ।'

कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्र भण्डारीले देशको सदस्यलाई थप सेवा दिन नया बजारका सातौ सदस्य सुविधा काउन्टर स्थापना गरेको बताए। उनले नेपालको उत्कृष्ठ सहकारी संस्थाको पहिचान दिन सफल संस्थाले थप सुविधा विस्तार गर्ने लैजाने बताए। पुल्चोकमा मुख्य कार्यालय रहेको संस्थाले यसअघि ललितपुर चापागाउँ, काठमाडौंको चाबहिल र न्यूरोड, भक्तपुरको कौशलटार र सूर्यबिनायक र चितवन जिल्लाको पर्सामा सदस्य सुविधा काउण्टर संचालन गरिसकेको छ।

संस्थाले हालसम्म करिब ३ सय भन्दा बढीलाई प्रत्यक्ष रूपमा रोजगारी दिएको छ। संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत बहुउद्देश्यीय लगानीमा स्वास्थ्य क्षेत्रतर्फ लालीगुराँस हस्पिटल, शिक्षा क्षेत्रतर्फ लालीगुराँस राष्ट्रिय उच्च मा.वि./कलेज र नेशनल एकेडेमी, डेरी परियोजना तर्फ चितवनको खैरहनीमा लालीगुराँस डेरी फार्म एण्ड रिसर्च सेन्टर, ललितपुरको गोदावरीमा लालीगुराँस दुग्ध प्रशोधन उद्योग, उर्जा क्षेत्रतर्फ सिन्धुपाल्चोकको लार्चामा भैरवकुण्ड हाईड्रोपावर लगायत संघ संस्थामा लगानी गरेको छ।

### सिटी एक्सप्रेसको बुटवल र भरतपुरमा एजेन्ट मिट कार्यक्रम

**काठमाडौं (प्रस)–** सिटी एक्सप्रेस मनी ट्रान्सफरले गत बैशाख २ र ३ गते बुटवल र भरतपुरमा आफ्नो सेवा प्रदान गर्ने एजेन्ट्हरूका लागि एक/एक दिने एजेन्ट् भेटघाट र तालिम कार्यक्रम सम्पन्न गरेको छ। उक्त कार्यक्रममा बुटवल र भरतपुरबाट उल्लेखनिय सहभागिता रहेको थियो। उक्त कार्यक्रममा सिटी एक्सप्रेस मनी ट्रान्सफरका प्रबन्ध निर्देशक चन्द्र टण्डन लगायत व्यबस्थापन समूहको उपस्थिति रहेको थियो। बिगतको समिक्षा तथा आगामी वर्षको कार्ययोजना तयार गरि यस वर्षको बुटवल र भरतपुरको एजेन्ट् मीट् कार्यक्रम सम्पन्न गरिएको थियो।




सिटी एक्सप्रेसले रेमिटेन्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउँदै 'जहाँ नेपाली, त्यहाँ सिटी एक्सप्रेस' भन्ने आफ्नो नारालाई आत्मसाथ गर्दै बिगत १५ वर्ष देखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ। आन्तरिक विप्रेषण अन्तर्गत सिटी एक्सप्रेसका देशभर छरिएर रहेका १५,००० भन्दा बढि भुक्तानी केन्द्रहरू मार्फत छिटो, सहज र सुरक्षित तरिकाले भुक्तानी प्रदान गर्ने, कुनै पनि बैंकको खातामा रकम जम्मा गर्ने र मोबाईल वालेटमा लोड गर्न सकिने जस्ता सुविधाहरू प्रदान गर्दै आइरहेको छ।

### सिटिजन्स बैंकको अनलाइन खाता खोल्ने सुविधा

Citizens Bank

**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्ना आदरणीय ग्राहक महानुभावहरूलाई डिजिटल माध्यमको प्रयोग गरी विभिन्न सेवा सुबिधा प्रदान गर्ने त्रममा आफ्नो स्थापनाको १५ औं वार्षिकोत्सवको उपलक्ष्यमा नागरिक एपमार्फत अनलाइन खाता खोल्न सक्ने सुबिधा ल्याएको छ।

नागरिक एपमार्फत खाता खोल्नका लागी ग्राहकहरूले बैंकको वेबसाइटमा गएर नागरिक एप मार्फत अनलाइन खाता खोल्ने सेवा छनोट गर्नुपर्ने छ। त्यसपछि स्क्रीनमा देखिएको क्यू.आर कोडलाई नागरिक एप बाट स्क्यान गर्नुपर्ने हुन्छ। सो प्रकृया पूरा गरिसकेपछि सो एपमा भएको व्यक्तिगत विवरणहरू आफै अनलाइन फर्ममा भरिनेछन् र बाँकी विवरण भरी ग्राहकहरूले सजिलै अनलाइन खाता खोल्न सकिने जनाइएको छ।

बैंकले ई.के.वाई.सी. तथा कियोस्क सेवाको सुरुवात गरिसकेको छ। कियोस्कमार्फत प्रारम्भिक रूपमा ग्राहकहरूले आफ्नो बैंक खाताको विवरण हेर्ने, बैंक खाताको स्टेटमेन्ट प्रिन्ट गर्ने, क्लियरिङ्ग चेक डिपोजिट गर्ने, एटिएम तथा बैंकका शाखाको विवरणहरू प्राप्त गर्ने जस्ता सेवा बैकका कर्मचारीको सहयोग बिना नै प्राप्त गर्न सकिने पनि बैंकले जनाएको छ। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएकाआफ्ना १७४ वटा शाखा, १२५ वटा ए.टि.एम. र ९३ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरूबाट १३ लाखभन्दा बढी ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरू दिँदै आएको बैंकका प्रवक्ता नारायण राजअधिकारीले बताए।

### सेञ्चुरीद्वारा तल्लो चिरखुवाको वित्तीय समापन




**काठमाडौं (प्रस)–** सेञ्चुरी कमर्सियल बैंक लिमिटेडले ४.०६ मेगावाटको तल्लो चिरखुवा होइड्रोइलेक्टी प्रोजेक्टको फाइनान्सियल क्लोजर सम्पन्न गरेको छ।

प्रदेश नम्बर १ को षडानन्द नगरपालिका भोजपुरमा अवस्थित यो जलविद्युत परियोजना एल.सि. इनर्जी प्राइभेट लिमिटेडले प्रर्वद्धन गरेको हो। तल्लो चिरखुवा चिर खुवा होइड्रोइलेक्टी प्रोजेक्टमा सञ्चुरी बैंकको एकल लगानी रहेको यस परियोजनामा बैंकको ऋण लगानी ७० प्रतिशत र बाँकी प्रर्वद्धकको लगानी रहेको छ।

परियोजनाका प्रर्वद्धकमा दिपक राई, विश्वमोहन श्रेष्ठ, केदारनाथ कार्की, दावाजंग्मु श्रेष्ठ लामा तथा ग्रुप रहेका छन् भने उक्त समूहले ४.७ मेगावाट क्षमताको उपल्लो चिरखुवा होइड्रोपावर परियोजना निर्माण गरी विद्युत उत्पादन गर्ने क्रममा रहेको छ।

आधुनिक प्रविधिको माध्यमबाट देशका दुर्गम तथा शहरी क्षेत्रमा सरल बैंकिग सेवा प्रदान गर्दै आएको सेञ्चुरी बैंकले आफ्ना १२९ शाखा १० एक्सटेन्सन काउन्टर, २४ शाखारहित बैंकिङ्ग र ११३ एटिएममार्फत वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ।

## सिएनआई प्रतिनिधि र अर्थमन्त्रीको निष्कर्ष

# 'श्रीलंकासँग नेपालको तुलना नै हुँदैन'



■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री जनार्दन शर्मा र नेपाल उद्योग परिसंघ (सिएनआई)का प्रतिनिधिहरूले नेपालको अर्थतन्त्र श्रीलंकासँग तुलना नहुने निष्कर्ष निकालेका छन्। सोमबार अर्थ मन्त्रालयमा भएको भेटमा अर्थतन्त्रको समग्र अवस्थाबारे छलफल गर्दै उक्त निष्कर्ष निकालेका हुन्।

सिएनआईका अध्यक्ष विष्णुकुमार अग्रवालसहितको प्रतिनिधिमण्डलले अर्थमन्त्री शर्मासँग भेट गरेको हो। त्यस क्रममा सिएनआईमा आबद्ध उद्योगी अनुज अग्रवालले देशको बर्तमान आर्थिक अवस्थाबारे प्रस्तुति राखेका थिए। उनले विदेशी मुद्राको सञ्चितिमा परेको चापलाई कम गर्ने र तरलता संकटलाई माथि उठाउने दुई मुख्य विषयमा केन्द्रित रहेर कार्यपत्र प्रस्तुत गरेको जानकारी दिइएको छ।

अग्रवालले नेपालको अर्थतन्त्रलाई श्रीलंकासँग तुलना गर्नु तर्कसंगत नभएको बताएका थिए। कार्यपत्रमा उनले नेपाल र श्रीलंकाको कूल गार्हस्थ उत्पादन क्रमशः ३३.६५ र ८०.७ बिलियन डलर रहेको, नेपालको वास्तविक ऋण १४.५६ बिलियन डलर र श्रीलंकाको ८९.५ बिलियन डलर रहेको, जिडिपीमा वास्तविक ऋणको हिस्सा नेपालको ४३ प्रतिशत र श्रीलंकाको १११.४२ प्रतिशत रहेको तथ्यांक प्रस्तुत गरेका थिए।

यस्तै कूल वैदेशिक मुद्रा सञ्चितितर्फ नेपालको ९.५८ अर्ब डलर र श्रीलंकाको १.९४ बिलियन डलरमात्रै रहेको कार्यपत्रमा उल्लेख गरेका छन्। अन्तर्राष्ट्रिय मूल्य शृंखलामा परेको प्रभावका कारण नेपालको मुद्रास्फीति (मूल्यवृद्धि) ७.१ प्रतिशत र श्रीलंकाको २५ प्रतिशत बिन्दुमा पुगेको कार्यपत्रमा उल्लेख छ। 'अर्थतन्त्रको परिदृश्य देखाउने मुख्य-मुख्य सूचकांकमा नेपालको अर्थतन्त्र श्रीलंकाको भन्दा धेरै मजबुत रहेको छ,' कार्यपत्र प्रस्तुत गर्दै अग्रवालले भने।

सिएनआई अध्यक्ष अग्रवालले विदेशी मुद्राको सञ्चितिमा परेको चापबाट माथि उठ्नका लागि आयातमा प्रतिबन्ध लगाउनुको सट्टा करको दर बढाउने तथा आयातका लागि लिइने ऋणको ब्याजदरसमेत हेरफेर गर्नुपर्ने सुझाव दिएका थिए। उनले उत्पादन र आयातमा जाने कर्जाको ब्याजदर फरक-फरक बनाउन पनि सुझाव दिएका थिए।

आन्तरिक तथा बाह्य पर्यटन क्षेत्रमा उल्लेख्य सुधार आइसकेको बताउँदै उनले पूर्वाधार निर्माण र पर्यटनलाई आकर्षित गर्ने प्याकेजहरू धमाधम घोषणा गर्नुपर्ने बताए। अध्यक्ष अग्रवालले सुनमा आधारित ऋणपत्र जारी गर्न, रेमिटचान्सको निक्षेपमा अतिरिक्त दुई प्रतिशत ब्याजदर दिन, गैरआवासीय नेपाालीलाई डलरमा खाता खोल्न आकर्षित गर्न'पर्नेलगायतका सुझाव दिएका थिए।

अर्थमन्त्री शर्माले श्रीलंकासँग नेपालको तुलनै नहुने कुरा आफूले बारम्बार भन्दै आएको जानकारी दिएका थिए। 'केही व्यक्तिले देशको अर्थव्यवस्थालाई राजनीतिकरण गर्न खोजिरहेका छन्। चुनावी मुद्दा पनि बनाएका छन्,' मन्त्री शर्माले भने, 'यथार्थमा नेपालको अर्थव्यवस्थाा श्रीलंका जस्तो होइन र हामी श्रीलंका जस्तो हुन पनि नदिनेगरी अर्थ व्यवस्था सुधारको काम गरिरहेका छौं।' उनले आगामी आर्थिक वर्ष २०७९/८० को बजेटमार्फत अर्थतन्त्रको अहिलेको समस्यालाई सम्बोधन गरी नतिजा देखिने सुधार गर्ने दाबी गरे।

## इन्धन खपत २० प्रतिशतले घटाउन निर्देशन

**काठमाडौं (प्रस)–** अर्थ मन्त्रालयले इन्धन शीर्षकमा विभिन्न मन्त्रालय तथा निकाय तथा सार्वजनिक संघसंस्थालाई इन्धनको खपत २० प्रतिशतले कटौती गर्न निर्देशन दिएको छ।

मन्त्रालयले सोमबार सूचना जारी गर्दै चालु आवका लागि छुटयाइएको इन्धन शीर्षकको बाँकी बजेट २० प्रतिशतले कटौती गर्न निर्देशन दिएको हो। विकास आयोजना, शान्ति सुरक्षा, अत्यावश्यक सेवा र आसन्न स्थानीय तह निर्वाचन प्रयोजनका लागि इन्धन कटौतीको व्यवस्था लागू नहुने मन्त्रालयले प्रस्ट पारेको छ। बढ्दो व्यापार घाटा, विप्रेषण आप्रवाहमा कमी र वैदेशिक मुद्राको सञ्चितिमा चाप परेको भन्दै सरकारले गत चैत ३० गते इन्धन शीर्षकमा छुटयाइएको बजेट कटौती गर्ने निर्णय गरेको थियो। विद्युत्को प्रयोगलाई बढवा दिँदै इन्धनको खपत न्यूनीकरण गने उद्देश्यले सरकारले चालु आवको प्रतिस्थापन बजेटमा प्रशासनिक र इन्धन खर्चमा १० प्रतिशतले कटौती गर्ने निर्णय गरेको थियो।

छुट्टै ऐनबाट इन्धन सुविधा प्राप्त गर्ने पदाधिकारीको इन्धन सुविधा पनि २० प्रतिशतले कटौती गर्न मन्त्रालयले अनुरोध गरेको छ। इन्धन कटौतीको व्यवस्था असार मसान्तसम्म लागू हुने अर्थ मन्त्रालयका प्रवक्ता डुण्डीप्रसाद निरौलाले जानकारी दिए। इन्धन कटौती निर्णय पालना भए/नभएको अनुगमन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्नेछ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं–७, सिफल, नेपाल, फोन नं. ०१–४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बू, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ